# प्राथमिक तहमा बाल मैत्री कक्षाकोठाको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा

व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड)

दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका

लागि तयार पारिएको

**शोध पत्र**

**शोधकर्ता**

कृष्ण बहादुर राउत

क्याम्पस क्रमाङ्क : ११/२०६६

परीक्षा क्रमाङ्क : २३३००२५/२०६७

त्रि.वि.दर्ता नं : ९२२४२६६२००३

**सिन्धुली बहुमुखी क्याम्पस**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**सिन्धुली**

**२०७३**

# सिन्धुली बहुमुखी क्याम्पस

## कमालामाई - ९ सिन्धुली

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम. एड दोस्रो वर्षका छात्र कृष्ण बहादुर राउतले **प्राथमिक तहमा बालमैत्री कक्षाकोठा व्यवस्थापन** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो निर्देशनमा रही तयार गर्नु भएको हो । मेहनत तथा लगनशिलताका साथ तयार पारिएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनको लागि शोधमूल्याङ्कन समितिमा सिमारिस गर्दछु ।

मिति :

विश्वराज कुमार शर्मा
शोध निर्देशक

# स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस सिन्धुली, शैक्षिक योजना तथा व्यवस्थापन विभागका विद्यार्थी कृष्ण बहादुर राउतले स्नातकोत्तर (एम. एड) तहको आवश्यता पुरा गर्ने प्रयोजनको लागि प्रस्तुत प्राथमिक तहमा बालमैत्री कक्षाकोठा व्यावस्थापन शीर्षकको शोधपत्र शोधमुल्याङ्कन समितिद्धारा स्वीकृत गरिएको छ ।

सोधमुल्याङ्कन समिति

| | | |
|---|---|---|
| १.श्री दुर्गा प्रसाद अधिकारी | क्याम्पस प्रमुख | .............................. |
| २. श्री विश्वराज कुमार शर्मा | शोध निर्देशक | ... .......................... |
| ३. श्री... | वाह्य परीक्षक | ..... .......................... |

मिति :

# कृतज्ञाताज्ञापन

प्रस्तुत **प्राथमिक तहमा बाल मैत्री कक्षाकोठाको व्यवस्थापन** शोधकार्य तयार गर्न शुरुदेखी नै आफ्नो अमुल्य समय दिएर आवश्यक सल्लाह सुझाव तथा मार्गनिर्देशन तयार गरि अध्ययन कार्यलाई सफल पार्न पूर्ण सहयोग प्रदान गर्नुहुने आदणीय गुरु विश्वराज कुमार शर्मा बराल सर प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसै गरि प्रस्तुत शोधकार्य सम्पन्न गर्न अनुमति एव्म आवश्यक वातावरण प्रदान गर्ने शिक्षा योजना तथा व्यवस्थापन विभागीय प्रमुख तथा प्राध्यापक आदणीय गुरुहरुलाई हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्यको लागि चाहिने विभिन्न सामग्रीहरु जुटाई सहयोग एव्म उत्प्रेरणा प्रदान गर्नुहुने श्रोतव्यक्ति श्री दिपकवराल प्रति आभार प्रकट गर्दछु । यसै गरी अनुसन्धानको लागि आवश्यक तथ्याङ्क, धारणा, प्रक्रिया एव्म अमुल्य सुझाव प्रदान गर्ने जनजागृति प्रा.वि वर्दिवास, इच्छेश्वर नि.मा.वि हात्तिलेट, ने.रा.नि.मा.वि ढुंग्रे, इच्छेश्वर नि.मा.वि चेरु, र जनता मा.वि गौरीडाँडा का प्र.अ., विद्यालका पदाधिकारी, वि.व्य.स.का पदाधिकारी, शिक्षक, विद्यार्थी, जि.शि.का,महोत्तरी लगायक सम्पूर्ण सूचनादातालाई हार्दिक अभार प्रकट गर्दछु ।

अन्तमा अध्ययन कार्यको सिलसिलामा प्रत्यक्ष एव्म परोक्ष रुपमा सहयोग गर्नुभएका सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै यस शोध प्रतिवेदन कम्प्यूटर टाईप गरि सहयोग गर्ने रेजिना श्रेष्ठ्लाई पनि धन्यवाद दिन चाहन्छु ।

मिति : २०७३/१०/२४

कृष्ण बहादुर राउत
(शोध कर्ता)

# शोधसार

**प्राथमिक तहमा बालमैत्रि कक्षाकोठा व्यवस्थापन** नामक शिर्षक चयन गरिएको प्रस्तुत अध्ययनको मुख्य उद्देश्य प्राथमीक तहमा बालमैत्री कक्षाकोठाको अबस्था बारे चित्रण गर्नु रहेको छ । यसका साथै भौतिक व्यवस्थापन र शिक्षण सिकाइ प्रक्रियाको वर्तमान अबस्था पहिचान गर्नु, प्राथमिक कक्षामा बालमैत्री अबस्था प्रभाबकारी बनाउने उपायहरु सुल्झाउनु, प्राथामिक तहमा बालमैत्रि अबस्था निर्माणमा देखिएका समस्या र समस्या सामाधानका लागी सरोकारवाला पक्षले खेल्नुपर्ने भुमिका खोजी गर्नु जस्ता उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको छ ।

प्राप्त तथ्यांकलाई विवरणात्मक एवं वर्णनात्मक ढंगवाट व्याख्या एव्म विश्लेषण गरी उद्देश्य अनुसार प्रस्तुत गरिएको सोधपत्र मुलत : गुणात्मक ढाँचाको रुपमा रहेको छ । हात्तिलेट स्रोतकेन्द्र अन्तरर्गतका ५ वटा प्राथमिक विद्यालयका अविभावक, प्र.अ. स्रोतव्यक्ति गरी जम्मा २५ जनालाई अध्ययनको जनसंख्याको रुपमा चयन गरी प्राथमिक तथा द्धितीय तथ्याकंका श्रोतको माध्यमवाट तथ्यांक संकलन गरिएको छ । अनुसुचिमा उल्लेखित प्रश्नावलिका आधारमा तयार गरिएका तथ्यांकहरुलाई तालिकिकरण, व्याख्या र विवरणनात्मक प्रक्रियाका साथ उद्देश्य अनुसार व्याख्या एव्म विश्लेषण गरिएको छ ।

प्राथमिक विद्यालय विशेष गरि बालवालिकाहरुको प्रारम्भिक वानी व्यवहार सिक्ने एक आधारशिला तथा ढोका हो । विशेष गरि बालमैत्री वातावरणको उठान कसले र किन आयो ? यस तहमा गरिने शिक्षण सिकाइ वातावरण र क्रियाकलाप के कति बालमैत्री अवस्थामा सञ्चालित छन् ? यस्ता बालमैत्री विद्यालयहरुको प्रभाव के छ ? राज्यस्तरवाट तथा सरोकारवालहरुले यस सम्वन्धमा के कस्ता प्रयासहरु गरेका छन् ? उपलब्धिहरु भएका छन या छैनन ? प्राथमिक तहमा बालमैत्री वातावरण संचालन गर्ने क्रममा के कस्ता वाधा व्यावधानहरु आईपर्छन् र तिनलाई कसरी समेटन सकिन्छ आदिसँग सम्वन्धीत पुस्तक, सोधपत्र एवम विभिन्न लेखकहरुद्धारा प्रकाशित लेख रचनाहरुलाई पुनरावलोकन गरि यस सम्वन्धी विषयमा भएको रिक्ततालाई पुणता दिने प्रयास सोध पत्रले गरेको छ ।

प्राथमिक विद्यालयहरुमा बालमैत्रीको अवस्था के कस्तो रहेको छ तथा त्यसबाट वाललालिकाहरुमा कस्तो प्रभाव परेको छ भन्नका लागि नतिजाको ब्याख्या र विश्लेषण गर्ने क्रमामा सम्बन्धीत विद्यालयको बालमैत्री कक्षाकोठाको बर्तमान अवस्था अन्तर्गत कक्षाकोठा, फर्निचर, टिफिन कर्नर, शैक्षिक सामग्री, खेलसामग्री, सौचालय, बालउद्यान, स्वास्थ्य, बालबालिकाको सिकाई प्रक्रिया आदिलाई गहनताका साथ हेरिएको छ भने बालमैत्रीपनाले बालवालिका, शिक्षक, अभिभावक एवं सरोकारवाला वर्गहरुमा कस्तो प्रभाव पारेको छ यसका अलवा बालमैत्री कक्षाकोठा निर्माणमा कस्ता कस्ता समस्याहरु देखिएका छन् । त्यस्ता समस्या समाधान गर्न सरोकारवाला वर्गले के गर्नु पर्ने हो त्यसको वारेमा समेत सोधकार्यले मार्गदर्शन गरेको छ ।

बालबालीकालाई सहज र प्राकृतिक रुपमा सिक्ने वातावरण निर्माण गर्न भेदभाव रहित वातावरणमा दण्डरहित शिक्षण सिकाइमा जोड दिदै समाहित शिक्षामा जोड दिन सके विद्यालय बालमैत्रि वन्न सक्छ र यसको परिणाम स्वरुप कक्षा दोहोऱ्याउने, छोड्ने दर कम भई यसको सकारात्कम प्रभावहरु प्राथामिक कक्षामा पर्न थाल्दछन् । छनौटमा परेका प्राथमिक विद्यालयहरुको अध्ययन अनुसन्धानका क्रमा विद्यालयको वर्तमान भौतिक र शैक्षिक व्यवस्थापन बालमैत्रि नभएको देखिन्छ । शिक्षाविद फ्रोवेल र मन्टेश्वरीको अवधारणा अनुसार पूर्व प्राथमिक शिक्षालाई बालमनोविज्ञानको हिसाबले रमाईलो, मनोरञ्जनात्क एव्म बालकेन्द्रित बनाउँन सकेको खण्डमा मात्र प्राथमिक तहको उद्देश्य पुरा हुन सक्ने हुँदा यसको व्यवस्थापनमा बालमैत्रि अवधारणालाई आत्मसाथ गर्नुपर्ने कुरा सोधको निष्कर्षका रुपमा प्रस्तुत गरिएको छ । प्राथमिक विद्यालयमा बालमैत्रि अवस्था सिर्जना गर्नका लागि अध्ययन अनुसन्धानको क्रममा छनौटमा परेको अध्ययन स्थलमा देखिएका कमिकमजोरीलाई औंल्याउँदै नितीगत तह, कार्यन्वयन तह तथा अनुसन्धान तहमा गर्नु पर्ने कार्यहरु र भावि अनुसन्धान कर्ताका लागि समेत सुझाब प्रस्तुत गरिएको छ ।

# बिषय सूची


**सिफारिस-पत्र** I

**स्वीकृती पत्र** II

**कृतज्ञाता ज्ञापन** III

**शोधसार** IV

**परिच्छेद एक : परिचय** **१**

१.१. अध्ययनको पृष्ठभुमि १

१.२ समस्याको कथन ४

१.३. अध्ययनको औचित्य ६

१.४. अध्ययनको उद्देश्य ७

१.५. अनुसन्धानात्मक प्रश्नहरु ७

१.६. अध्ययनको परिसीमा ७

**परिच्छेद दुई : सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** **९**

२.१. सम्वन्धित साहित्यको पुनरावलोकन : ९

२.२ अध्ययनको सैद्धान्तिक खाका १७

२.३ सम्बन्धित साहित्यको पुनरावलोकनाको शैक्षिक उपादेयता १९

**परिच्छेद तीनः अध्ययन विधि** **२१**

३.१ अनुसन्धान ढाँचा : २१

३.२ अध्ययनको जनसंख्या र नमुना छनोट प्रक्रिया २२

३.३ तथ्यांक संकलनका श्रोतहरु २२

३.३.१ प्राथमिक श्रोत २२

३.३.२ द्धितीय श्रोत २३

३.४ तथ्यांकका साधनहरु २३

३.४.१ अवलोकन फारम २३

३.४.२ अन्तर्वार्ता २३

३.४.३ प्रश्नावली २४

३.४.४ रुजुसुचि २४

३.५ तथ्यांक संकलनको प्रक्रिया २४

३.६ तथ्यांक विश्लेषण प्रक्रिया २४

**परिच्छेद चार : नतिजाको विष्लेषण** **२६**

४.१ प्राथमिक तहमा बालमैत्री कक्षा कोठाको वर्तमान अवस्था २७

४.१.१ भौतिक अवस्थाको बालमैत्रीपना २७

४.१.२ बालमैत्री शिक्षण सिकाइ प्रकिया ३१

४.२ प्राथमिक तहमा वालमैत्री अवस्थाले पारेको प्रभाव ३५

४.२.१ विद्यार्थीको शारिरीक पक्षमा पारेको प्रभाव ३५

४.२.२ वौद्धिक पक्षमा पारेको प्रभाव ३५

४.२.३ सामाजिक विकासमा पारेको प्रभाव ३६

४.२.४ शिक्षक, प्र.अ. तथा अभिभावको सोचाईमा पारेको प्रभाव ३७

४.३ प्राथमिक विद्‌यालयमा बालमैत्री अवस्था निर्माणमा देखिएको समस्याहरु ३७

४.३.१ भौतिक व्यवस्थापनको वालमैत्रीपना सम्वन्धी समस्याहरु ३८

४.३.२ शिक्षण सिकाइ क्रियाकलापको बालमैत्रीपना सम्वन्धी समस्याहरु ३९

४.४ प्राथमिक विद्‌यालयमा वालमैत्री अवस्था निर्माणमा देखिएका समस्या समाधानका उपायहरु ४०

४.४.१ उपयुक्त मापदण्ड मुताविक प्राथमिक विद्‌यालय स्थापना ४०

४.४.२ शिक्षकलाई तालिम र वृत्तिविकास ४१

४.४.३ उपयुक्त कक्षा वातावरण एवं वालमैत्री खेल सामग्री र बगैचाको व्यवस्था ४१

४.४.४ खानेपानी, खेलमैदान र शौचालय एवं स्वस्थ्य सेवाको उचित व्यावस्था ४१

४.४.५ पृष्ठपोषण र पुर्नवलको प्रयोग एवं निरन्तर अनुगमन, निरीक्षण गर्नु पर्ने ४२

४.४.६ निश्चित शुल्कको व्यवस्था ४२

४.४.७श्रव्य दृश्य सामग्री ४२

४.४.८ शैक्षिक सामग्री तथा कालोपाटीमा विद्यार्थीको पहुँच हुनुपर्ने ४२

४.४.९ दिवा खाजाको व्यवस्था विद्यालयले नै गर्नुपर्ने ४२

४.४.१० निरन्तर मूल्यांकन प्रणालीलाई आत्मसात गर्नुपर्ने तथा समुदायसँग सुमधुर सम्वन्ध विस्तार गरि सहयोग लिनुपर्ने ४३

४.४.११ बालविकास केन्द्र तथा प्रा.वि तहलाई पहिलो मान्यता दिनुपर्ने ४३

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव** **४५**

५.१ निष्कर्ष ४५

५.२ सुझावहरु ४६

५.२.१ नितिगत तह ४६

५.२.२ कार्यान्यन तह ४७

५.२.३ अनुसन्धान तह ४८

**सन्दर्भसूचि** **४८**

**अनुसुचीहरु**

# परिच्छेद एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभुमि

मानव जीवनको विभिन्न अवस्थाहरु मध्येको बाल्यवस्था ज्यादै महत्वपूर्ण अवस्था हो । यस अवस्थामा भएको विकासले बालकको सिँगो जीवनमा नै महत्वपूर्ण प्रभाव पार्ने हुँदा मनोवैज्ञानिक तथा शिक्षाविदहरुवाट यस अवस्थालाई उच्च प्राथमिकतामा राख्ने गरेको पाइन्छ । विशेष गरि ९/१० वर्ष सम्मका बालवालिकाहरुलाई प्राथमिक तहका बालावालिकाको रुपमा राखेर अध्ययन गर्ने गरेको पाइन्छ । विद्यालयमा बालमैत्री अवस्था तथा व्यवस्थापन नभएको कारणले पनि यस तहमै कक्षा छाडने दर वढिरहेको पाइन्छ । यसरी हाल विद्यालय तथा समुदायमा संचालित प्राथमिक विद्यालयका कक्षाकोठा, विद्यालयको वातावरण तथा शिक्षक सिकाई कतिको बालमैत्री छन् भनि यो शोधकार्य अगाडि वढाउन लागिएको हो ।

मानव समाजमा शिक्षालाई विभिन्न रुपहरुवाट ग्रहण गरिदै आइयो त्यसले शिक्षाका प्रकारहरु निर्धारण गर्‍यो । प्राचिनकालको शिक्षा अनौपचारिक मानिन्थ्यो । बालवालिकाहरुले आफ्नै आमावावुहरुवाट आफ्ना सरल आवश्यकता तथा केही नयाँ कुराहरु सिक्दथे । त्यसैगरि प्राचीन कालकै गुरुकुल शिक्षामा गुरुको सेवा गर्नु भिक्षामागी गुरुलाई खुवाउनु आदि कार्यमा शिक्षा सिमित थियो । समाजको वढदो जटिलताका आवशयकताहरुलाई प्राचीन कालिन तथा मध्यकालिन शिक्षाले पुरा गर्न सकेन जसको परिणाम शिक्षाका अनेक संरचना तथा स्वरुपहरु बनाई शिक्षा प्राप्त गर्ने प्रक्रियालाई व्यवस्थित वनाउँदै लगिएको पाइन्छ ।

नेपालमा वि.स २००७ सालको राजनैतिक परिवर्तपछि विद्यालयको संख्यात्मक विकास हुदै गएको पाइन्छ । नेपालको सामाजिक, आर्थिक, भौगोलिक, शैक्षिक आदि अवस्थाका सम्पूर्ण पक्षको विश्लेषण तथा अन्वेषण सहित तयार पारिएको पहिलो शैक्षिक दस्तावेजको रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ लाई मानिन्छ । यस आयोगले नेपालको प्राथमिक शिक्षा विकासका लागि २१ वटा सुझावहरु समेत पेश गरेको थियो । जसमा शिक्षालाई देशव्यापि वनाउने, शिक्षा एकीकृत हुने, प्राथमिक शिक्षाले निरक्षरता हटाउने, प्राथमिक शिक्षा सर्वसुलभ र निः शुल्क हुने, आदि थिए (शर्मा एण्ड शर्मा २०६७) । नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले प्राथमीक शिक्षालाई १-५ को संरचनामा राख्यो भने यस भित्र ६ देखि ११ वर्ष

सम्मका बालवालिकाहरुलाई प्राथमिक उमेर समुहका बालवालिका भनि परिभाषित गऱ्यो । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले कक्षा १ देखी ३ लाई प्राथमिक तहको रुपमा उल्लेख गऱ्यो । त्यसैगरि राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले पुन : प्राथमिक शिक्षाको संरचनालाई १-५ नै कायम गऱ्यो । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले प्राथमिक तहभन्दा अगाडि पूर्व प्राथमिक शिक्षा हुनुपर्छ भनि १ वर्षे पूर्वप्राथमिक शिक्षालाई राष्ट्रिय शैक्षिक संरचनामा समेत समावेश गऱ्यो । यसरी विभिन्न समयमा वनेका आयोग तथा समितिहरुले प्राथमिक तहका सम्वन्धमा करिव करिव एउटै खालको संरचनाको कुरा उल्लेख गरेको पाइन्छ । यस तहमा बालमैत्री वातावरण तथा कक्षाकोठा र शिक्षण सिकाई क्रियाकलापका सम्वन्धमा भने ती आयोग तथा समितिहरु मैान रहेको पाइन्छ ।

अहिलेको बालवालिका भविष्यका कर्णधार हुन । बालवालिकाहरु अवोध हुने भएकोले उनिहरुमा सामाजिक तथा विद्यालयको वातावरणको प्रभाव प्रत्यक्ष परेको हुन्छ । बाल्यकाल तथा प्राथमिक तहमा सिकेका कुराले नै उनिहरुको भविष्यको व्यक्तित्व निर्माण गर्न सक्दछ । वाल्यकाल तथा प्राथमिक तहमा सहि किसिमको शिक्षा दिक्षा तथा अनुकुल वातावरण प्रदान गर्न सकेको खण्डमा नै उनिहरु भविष्यका सभ्य र सक्षम नागरिक हुन सक्दछन् । यस कारण प्राथमिक तह नै बालवालिकाहरुको लागि अति महत्वपूर्ण आधार स्तम्भ पनि हो । त्यसै अनुरुप हरेक बालवालिकाहरुको चौतर्फी विकास गर्न हरेक विद्यालयको कक्षाकोठा तथा शिक्षक सिकाइ बालमैत्री हुनु अति आवश्यक भइसकेको छ यसै अवस्थामा सिकेका कुराहरुले नै बालकको सम्पूर्ण जीवनको आधारशिला निर्माण पनि गर्दछ ।

बालवालिकाहरुका विविध पक्षहरु जस्तै शारिरिक, मानसिक, सामाजिक एवम संवेगात्मक पक्षलाई समानुपातिक तवरले विकास गर्न अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्र.अ, स्थानिय संघ संस्था तथा सरोकारवालाको पनि उत्तिकै भूमिका रहन्छ । प्राथमिक तहका स्वरुप तथा दायित्व विभिन्न देशैपिच्छे फरक फरक रहेको पाइन्छ । जस्तै : नर्वेमा सवै किन्डरगार्डेन स्कूलहरु वाल तथा परिवार कल्याण मन्त्रालय अन्तर्गत पर्दछन् । राज्यले नै यी सवैको व्ययभार वहन गर्दछ । त्यसैगरि रुसले पनि ३ देखि ७ वर्षको बालवालिकालाई राज्यस्तरमा प्राथमिक शिक्षा प्रदान गर्दछ । भारतमा २ वर्ष देखि ६ वर्ष सम्मकालाई बालवगैंचाको व्यवस्था रहेको पाइन्छ । जापानमा पनि नर्सरी तथा किन्डरगार्डेनलाई विद्यालयका अभिन्न अंगका रुपमा लिइन्छ (थपलिया २०७०) । कोठारी आयोग (१९६४-६६) ले पनि पूर्व प्राथमिक शिक्षालाई प्राथमिक शिक्षाको पूरकको रुपमा लिएको पाइन्छ ।

बालवालिकाको पालनपोषण, स्याहार, विकास र संरक्षणको प्राथमिक दायित्व आमा वावु र संरक्षकको पनि हो । साथै बालवालिकाहरुलाई जन्मनु अघि र जन्मेपछि उचित स्याहार पालनपोषण र शिक्षा दिक्षा दिई उनिहरुको अधिकारको संरक्षण गरि उनिहरुलाई योग्य नागरिक वनाउनु सम्वन्धि सवैको दायित्व पनि हो । यसै सम्वन्धमा संयुक्त राष्ट्र संघिय बालअधिकार सम्वन्धी महासन्धि १९८९ लाई सेप्टेम्वर १४, १९९० मा अनुमोदन गरेर नेपालले पनि बालवालिकाको विकास, बालअधिकारको संरक्षण र बालसहभागिता जस्ता विषयमा आफनो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरि सकेको अवस्था छ (बालवालिका सम्वन्धी राष्ट्रिय निति, २०६९) । त्यसैगरि वाल्यवस्थाको चौतर्फी विकास सहयोग पुर्‍याउने उद्देश्यले सन् २००० मा सेनेगलको राजधानि डकारमा जारि घोषणापत्रले पनि यस सन्दर्भमा महत्व राख्दछ (२०७०, अधिकारी ) ।

यस अध्ययनको मनोवैज्ञानिक पृष्ठभूमि पनि उत्तिकै सान्दर्भिक देखिन्छ । पूर्व वाल्यावस्था (२ वर्ष देखि ६ वर्ष सम्म) तथा उत्तर वाल्यवस्था (६ वर्ष देखि १३/१४ वर्ष सम्म) विशेषगरि व्यक्तित्व विकासको उमेर र सामाजिकीकरणको प्रक्रियाको शुरुवात हुने उमेरका रुपमा लिइन्छ । यस उमेरमा सिकेका वानी व्यवहारहरु तथा क्रियाकलापले भविष्यमा असर पार्न सक्ने हुँदा यस उमेर समूहलाई आधार स्तम्भको रुपमा पनि लिइन्छ । आमावावुको वुझाइमा यस उमेरलाई खेलौनाको उमेर तथा समस्यापूर्ण र दु:ख दिने उमेर हो भने शिक्षाविदहरुको वुझाइमा रचनात्मक उमेर, जिज्ञासु उमेर, नक्कल गर्ने उमेर एवम मनोवैज्ञनिक दृष्टिले हेर्दा यो सिर्जनशिल उमेर तथा सामाजिक व्यवहारको आधार स्तम्भको रुपमा यस अवस्थालाई लिने गरेको पाइन्छ (शिर्मा एण्ड शर्मा २०६७) । अर्कोतर्फ विकासवादी वैज्ञानिकहरुका अनुसार यसै अवस्थामा झण्डै ९०% वौद्धिक विकास भइ सक्छ र अन्य वृद्धि विकास पनि द्रुत गतिमा हुन्छ । यसर्थ विकासका अनेकन दृष्टिकोण तथा सम्भावनाहरुलाई उचित स्थान दिदै एउटा पहिलोपटक विद्यालय प्रवेश गर्ने वालक तथा विद्यालय प्रवेश गरिसकेपछि उसका अनुभव र सिकाइ वातावरणलाई मनोवैज्ञानिक दृष्टिकोणवाट पनि हेर्नु अति आवश्यक हुन जान्छ ।

बालवालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय नै बालमैत्री विद्यालय हो । (बालमैत्रि विद्यालयालय राष्ट्रिय प्रारुप २०६७) प्राथमिक विद्यालयको कक्षाकोठाको वातावरण, समग्र विद्यालयको परिवेशको वातावरण, वालमैत्री भौतिक वातावरण, वालमैत्री शिक्षण विधि तथा क्रियाकलाप आदिले वालकलाई प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेको हुन्छ । सरकारको उद्देश्य अनुरुप ४-५ वर्ष उमेर समूहका बालबालिकालाई एकवर्षको

वालविकास केन्द्रमा आवश्यक मात्रामा शौक्षिक एवम् भौतिक व्यवस्था गरि वालमैत्री वातावरणमा मनोरञ्जनात्मक तरिकाले गरेर सिक्ने अवस्थाको सिर्जना गरि प्राथमिक तहमा भर्ना गर्ने योजना कार्यान्वयन भइरहेका छन् । यस्ता अवधारणहरुलाई तहगत रुपमा अगाडि वढाई विद्यालयको हरेक क्षेत्र वालमैत्री वनाउनु आजको टड्कारो आवश्यकता र चुनौती दुवै पनि हो । उचित वालमैत्रि शिक्षा, पालनपोषण र अवसर दिई बालबालिकालाई आज जति राम्रो र योग्य वनाउन सकिन्छ भविष्यमा त्यति नै देशले उचित नेतृत्व पाउने सम्भावना हुन्छ । वास्तवमा बालवालिका भनेका अर्काको सहारामा वाँच्नुपर्ने अपरिपक्क व्यक्ति हुन । उनीहरु आफ्नो हित अहितका वारेमा सोच्न सक्दैनन् । जस अनुरुप सरोकारवाला पक्षहरु यस कार्यमा चनाखो भई लाग्नुपर्ने आवश्यकता प्रष्ट देखिन आउँछ । यसरी प्राथमिक तहमा बालमैत्री अवस्थाको अपरिहार्यतालाई आजको अवस्थामा वेवास्ता गर्न नमिल्ने विषयवस्तुका रुपमा लिएर विद्यालयको प्राथमिक तह कतिको बालमैत्रि छन् ? सुधार गर्न तथा बालमैत्रि अवस्थाको सृजना गर्न विभिन्न सरोकारवाला पक्षहरुवाट के कस्ता कदम चाल्न सकिन्छ? वा उनिहरुको भूमिका कस्तो रहनुपर्ने हो ? आदि जस्ता जिज्ञासा मेटाउने उद्देश्यले प्राथमिक तहमा वालमैत्री कक्षाकोठाको व्यवस्थापन भन्ने शीर्षक छनौट गरि सोध कार्यलाई अगाडी बढाईएको हो ।

## १.२ समस्याको कथन

नेपालमा प्राथमिक शिक्षालाई वि.स २०३१ साल फाल्गुन १३ गते निःशुल्क गरियो । वितेका ४० वर्षले यस तहलाई जति उचाईमा पुऱ्याउनु पर्ने हो त्यति सफलता हासिल गर्न सकिरहेको देखिदैन । शिक्षा प्राप्त गर्नु मानिसको जन्मसिद्ध अधिकार भै सकेको आजको सन्दर्भमा अझै पनि विद्यालय जाने उमेरका बालबालिका मध्ये ५.५ % बालवालिकाहरु विद्यालय जानवाट वञ्चित छन (Educational Page, २०११) । यसका पछाडि राज्य तथा सरोकारवालाहरुको अनेक कारणहरु हुन सक्दछन् । विद्यमान गरिवी, अन्धविश्वास, चेतनाको अभाव आदि जस्ता समस्याहरुलाई किनारा लाउन नसकेका कारण पनि यस्तो अवस्था सृजना भएको पाइन्छ । सवैका लागि शिक्षा कार्यक्रमले सन् २०१५ सम्ममा विद्यालय उमेरका सतप्रतिशत विद्यालयमा भर्ना गराउने लक्ष्य लिएको थियो । सन २००० को सेप्टेम्वरमा विश्वका १४७ राष्ट्राध्यक्ष, सरकार प्रमुख र अन्य देशका प्रतिनिधि गरि १९१ राष्ट्रको सम्मेलनले तय गरेको आठ सहस्राब्दी विकास लक्ष्यहरु मध्ये लक्ष्य २ मा विश्वव्यापि रुपमा प्राथमिक शिक्षा प्राप्त हुने भनि उल्लेख समेत गरेको पाइन्छ (खरिदार परिक्षा सारथी, टंक केसि) । यसरी प्राथमिक शिक्षालाई राज्य तथा सरोकारवाला पक्षधरहरुले उच्च प्राथमिकतामा राखेर अगाडि वढाउँदा

वढाउँदै पनि सोचे अनुरुप प्रगति हासिल  हुन नसकिरहेको अवस्था छ । बालवालिकाहरु प्राथमिक तहवाटै विद्यालय छाडने तथा विद्यालयमा भर्ना हुन नआउने जस्ता समस्याहरु चुनौतिका रुपमा तेर्सिएका छन् । प्राथमिक तहको शिक्षण सिकाइलाई बालवैत्रि वनाउने, समग्र विद्यालयको भौतिक व्यवस्थापन बालकको रुचि र आवश्यकता अनुरुप निर्माण गर्ने, प्राथमिक तहमा बालवालिकाहरुलाई स्वतस्फूर्त आकर्षित गराउने जस्ता वातावरणको निर्माण गर्न सकिएको अवस्थामा मात्र ति चुनौतिहरुको सामना गर्न सकिन्छ । बालवालिकाहरुको सर्वपक्षिय विकासमा नियमित सहयोग गर्ने उद्देश्यले उनिहरुको उमेर सुहाउँदो शैक्षिक सामग्रीको व्यवस्था गरि खेल्ने अभ्यास गर्ने, छलफल गर्ने, प्रत्यक्ष अनुभव गरि तथा कुराहरु सिक्ने, विभिन्न गलत वानी व्यवहार तथा नकारात्मक पक्षहरुको असरहरुवाट जोगाउने तथा संरक्षण गर्ने स्थल नै प्राथमिक तह/विद्यालय हो ।

बालवालिकाहरुले कुनै पनि कुरा अन्तः प्रेरणाको कारणले सिक्दछन् । अन्तरप्रेरणाा भनेको मानिस भित्रका अर्न्तनिहित गुण हो जसले उसको व्यवहारमा परिवर्तन ल्याउँदछ । बालबालिकाहरु मुलत प्राथमिक तहमा नक्कल गर्ने, सृजनशील हुने, आफ्नो साथीहरुको समूह वनाउने, उनीहरुसँग खेल्न वस्न रुचाउने, आमा वुवा भन्दा साथीलाई वढि रुचाउने आदि स्वभावका हुन्छन । बालवालिकाहरुलाई नयाँ कुरा जान्न तथा सिकाउनका लागि इन्द्रियहरु त्था मांसपेशिहरुलाई समन्वयात्मक ढंगले प्रयोग गर्ने वातावरण प्रदान गर्ने तथा ज्ञान अनुभव गर्ने, अन्वेषण गर्ने, सिक्ने, वुझ्ने तथा जान्ने कुरामा सक्षम वनाउन विद्यालयको प्राथमिक तह नै महत्वपूर्ण मानिएको अवस्था छ । प्राथमिक तहका बालवालिकाहरु फरक फरक वौद्धिक क्षमता फरक पृष्ठभूमि (आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक) वाट आएका हुन्छन । जव यस तहमा वालमैत्रि वातावरण, वालमैत्री कक्षाकोठा, वालमैत्री शिक्षण सिकाई तथा सामग्रीको अवधारणालाई  व्यवहारमा ल्याउने गरिन्छ तव उनिहरुलाई वोझिलो ढंगवाट नभई हासिखुसि, रमिरमाई व्यवहारमा सकारात्मक सुधार ल्याउन सकिन्छ । बालवालिकाहरुलाई हेरेर, सुनेर, अनुभव गरेर, सोधेर सिकाइ जिज्ञासा पुरा गराउने उद्देश्य परिपूर्ति गर्नका लागि बालमैत्रीको अवधारणालाई अधिकतम रुपमा सार्थक वनाउने प्रयास गरिनुपर्दछ ।

कक्षाकोठामा आधारभूत भौतिक पूर्वाधार पर्याप्त हुनुका साथै उनीहरुले प्रयोग गर्न सक्ने खालका हुन पनि अति आवश्यक हुन्छ । शैक्षिक सामग्रीहरु उनीहरुले देख्ने मात्र तर उपयोग गर्न नपाउने खालका हुनुहुदैंन । प्राथमिक कक्षाकोठाको दायराभित्र हुने सिकाईका विविध क्षेत्रहरु, जस्तै गणित, भाषा, अभिनय, , सिर्जनात्मक, सिकाइ क्षेत्र, विज्ञान सिकाइ क्षेत्र, गन्ती

सिकाइ, पूर्व लेखन सीप सिकारुका क्षेत्रहरु सवै बालबालिकाका सहज पहुँच भित्र हुनुपर्ने आवश्यकता छ । धेरै विद्यालयको भौतिक पूर्वाधार आवश्यक भन्दा निकै कमजोर देखिन आउँदछ । त्यसमा पनि तालिम तथा निरिक्षण प्रणालीको कमि छ । भएका भौतिक पूर्वाधारहरु पनि बालमैत्री अवस्थामा छैनन र शिक्षण सिकाई प्रक्रिया, बालवालिका प्रति गरिने व्यवहार, मूल्यांकन प्रक्रिया सवै कुराहरु बालवालिकाहरुको स्तर र पहुँच अनुसारको हुन सकिरहेको छ या छैन आदि जस्ता पक्षहरुको विश्लेषण गर्नका लागि पनि यो अध्ययन गर्नु आवश्यक छ ।

## १.३. अध्ययनको औचित्य

बालवालिकाहरुको सर्वपक्षिय विकासमा टेवा पुऱ्याउने तह भनेकै विद्यालयको प्राथमिक तह हो । प्राथमिक तहका बालबालिकाहरुको शारिरिक, वौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक विकासमा सकारात्मक भूमिका खेल्न वालमैत्रि वातावरण नितान्त आवश्यक देखिन्छ । शिक्षण सिकाइ क्रियाकलापले बालबालिकालाई आकर्षित गर्न, कक्षाकोठामा मनोरञ्जन पूर्ण तरिकावाट वालमैत्रि वातावरणको अवस्था सृजना गरी त्यसको प्रभावकारिता तथा उपयोगिता वारे ध्यान आकृष्ठ गराई सुझाव दिने प्रयोजनका लागि समेत यो शोधकार्य अति आवश्यक देखिन्छ ।

वालवालिकाहरुलाई लक्षित गरेर थुप्रै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले विभिन्न कार्यक्रमहरु ल्याएता पनि खासगरि विद्यालयको प्राथमिक तहलाई नै केन्द्रविन्दु वनाएर यस तहलाई वालमैत्री वनाउने, बालबालिकाहरुलाई जतिसक्दो मनोरञ्जनपूर्ण तरिकावाट सिकाउने आदि जस्ता विषयहरुमा त्यति धेरै अध्ययन नभैरहेको अवस्थामा यस अध्ययनले बालबालिकाको शैक्षिक सवालमा एउटा ईटा थप्ने काम समेत गरोस भन्ने अभिप्रायले पनि यो अध्ययन कार्यलाई अगाडि वढाउनु अति आवश्यक देखिन्छ । विद्यालयको विविध पक्षको समुचित व्यवस्था भएको खण्डमा मात्र वालकको सर्वपक्षीय विकासमा यसले टेवा पुऱ्याउँछ सक्छ । बालबालिकाहरुको सिकाइको आवश्यकतालाई पुरा गर्ने विभिन्न तरिका, नियम तथा प्रक्रियाहरु रहेका छन् । जसले उनिहरुको उपयुक्त व्यवहारमा परिवर्तन ल्याउन सहयोग पुऱ्याउँछ (शर्मा, २०६४) । विद्यालय भएर पनि विद्यार्थीहरु नहुनु भएका बालबालिकाहरुले पनि विचैमा विद्यालय छोडनु शिक्षण सिकाई प्रक्रियाले बालबालिकालाई आकर्षित गर्न नसक्नु त्यसमा पनि समग्र अवस्था नै वालमैत्री हुन सक्नु आदि समस्याको चिरफार गर्नका लागि यो अध्ययन कार्य आवश्यक रहेको छ ।

### १.४. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नअनुसार रहेका छन् :

१) प्राथमिक तहमा बालमैत्री कक्षाकोठाको वर्तमान अवस्थाको अध्ययन गर्नु ।

२) प्राथमिक तहमा बालमैत्री वातावरणको अवस्था निर्माण मा देखिएका समस्याहरुको पहिचान गर्नु

३) प्राथमिक तहमा बालमैत्री अवस्थाले पारेको प्रभाववारे विश्लेषण गर्नु ।

४) बालमैत्री वातावरणमा देखिएका समस्या समधानका उपायहरु पत्ता लगाउनु ।

### १.५. अनुसन्धानात्मक प्रश्नहरु

निर्धारित माथिका उद्देश्य प्राप्तिका लागि तल उल्लेखित अनुसन्धानात्मक प्रश्नहरुको उत्तर खोजि गरिएको छ ।

१) प्राथमिक तहमा बालमैत्री कक्षाकोठाको वर्तमान अवस्था कस्तो छ ?

२) प्राथमिक तहको बालमैत्री कक्षाकोठाको व्यवस्थापनले कस्तो प्रभाव पारेको छ ?

३) प्राथमिक तहमा बालमैत्री वातावरणको अवस्था निर्माणमा कस्ता समस्याहरु देखिने गरेका छन् ?

४) बालमैत्री वातावरण निर्माणमा देखिएका समस्याहरु समाधानका उपायहरु के के हुन सक्छन् ?

### १.६. अध्ययनको परिसीमा

कुनैपनि अध्ययनको विषयलाई एकै साथ ठुलो क्षेत्रमा अध्ययन गर्न खोजियो भने यसबाट अनुसन्धान कार्य वढि नै प्रभावित भै नतिजा चुस्त र दुरस्त आउन नसक्ने हुदा सिमित श्रोत साधन र समयका कारणले प्रस्तुत अध्ययन महोत्तरी जिल्लाको हात्तिलेट श्रोतकेन्द्र अर्न्गात पर्ने १८ प्रा.वि मध्ये ५ वटा प्राथमिक विद्यालयको वालमैत्री कक्षाकोठाको अवस्थामा आधारित छ । सामुदायिक विद्यालयमा आधारित ५ प्राथमिक विद्यालयको भौतिक पक्ष, शैक्षिक पक्ष तथा शिक्षण सिकाइ प्रक्रिया जस्ता पक्षमा वालमैत्री अवस्था सम्वन्धी विषयलाई मात्र अध्ययनले समेटेको छ । सोध अध्ययनका क्रममा सोध कार्यमा छनौट गरिएका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्या.स.हरुसँग अनुसन्धान प्रश्नावली तथा अनुसूचीमा राखिएका प्रश्नहरुको आधारमा मात्र अनुसन्धान कार्यलाई अगाडी वढाईएको छ । त्यसैगरी छनौट गरिएका विद्यालयको शै.स. २०७३/०७४ सम्मको तथ्यांकलाई मात्र यस अध्ययन कार्यले समेटेको छ ।

# परिच्छेद दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

यस परिच्छेदमा अध्ययनसँग सम्वन्धित सामग्रीहरुको पुनरावलोकन गरिएको छ । प्राथमिक विद्यालय विशेष गरि बालवालिकाहरुको प्रारम्भिक वानी व्यवहार सिक्ने एक आधारशीला तथा ढोका हो । विशेष गरि बालमैत्री वातावरणको उठान कसले र किन आयो ? यस तहमा गरिने शिक्षण सिकाइ वातावरण र क्रियाकलाप के कति वालमैत्री अवस्थामा सञ्चालित छन् ? राज्यस्तरवाट तथा सरोकारवालाहरुले यस सम्वन्धमा के कस्ता प्रयासहरु गरेका छन् ? उपलब्धिहरु भएका छन या छैनन ? प्राथमिक तहमा वालमैत्री वातावरण संचालन गर्ने क्रममा के कस्ता वाधा व्यावधानहरु आईपर्छन् र तिनलाई कसरी समेटन सकिन्छ आदिसँग सम्वन्धि पुस्तक, सोधपत्र एवम विभिन्न लेखकहरुद्धारा प्रकाशित लेख रचनाहरुलाई पुनरावलोकन गरि यस सम्वन्धी विषयमा भएको रिक्ततालाई पुरा गर्ने प्रयास गरिएको छ ।

शिक्षा शास्त्री तथा दार्शनिक रुसो (सन् १७२८) अनुसार पहिले ५ वर्षको उमेरमा शिशुलाई किताबी ज्ञानले उनीहरुको स्वच्छ विचारलाई दुषित पार्दछ । यस उमेरका बालवालिकामा ठीक-वेठिकको अवधारणा विकास भएको हुदैन । त्यसकारण पनि बालबालिकाले गल्ति गर्नासाथ पिटर वा गाली गरेर सजाय दिनु हुदैन ।

मन्टेश्वरी १९०७ का अनुसार शिक्षा भन्नु विकास हो । सिक्नेकुरा बालवालिकाको भित्र मनबाटै आउनु पर्छ । मन्टेश्वरीको विचारमा स्वतन्त्रता बालवालिकाहरुको मौलिक अधिकार हो र सोही वातावरणमा मात्र बालवालिकाहरु आत्म निर्भर हुने कोशिस गर्दछन् ।उनीहरुको ईच्छा अनुसार स्वतन्त्रतापुर्वक विकास गर्ने मौका दिएमा उनीहरुले आफु भित्रका आन्तरिक गुणहरु वाहिर प्रष्फुटन गर्न सक्छन् । यसरी वालशिक्षाका लागि मन्टेश्वरीद्धारा प्रतिपादित सिद्धान्तलाई अत्यन्त महत्वपूर्ण मानिन्छ । यस सिद्धान्तको मुख्य अभिप्राय “हरेक बालबालिकाहरु सिक्न सक्छन ” भन्ने हो । विभिन्न खेल, शैक्षिक उपकरण इन्द्रिय तथा मांसपेशीको चालचलनवाट मात्र व्यवहारिक र सामाजिक गुणको लागि स्वशिक्षा प्रदान गर्ने यस पद्धतिले जोड रहेको छ । यसरी यस सिद्धान्तले वालवालिकाहरुलाई खेल तथा रमाईलो वातावरणमा हरेक कुराहरु सिकाउन

सकिने र त्यसैबाट नै बालबालिकाहरुले धेरै कुराहरु सिक्न सक्छन् भन्ने रहेको हुदा यो सिद्धान्त विद्यालयको प्राथमिक तहका बालबालिकाकाका लागि समेत निकै उपयोगी देखिन्छ ।

फ्रोवेल (सन् १८२७) का विचारमा बालवालिकाहरुको शिक्षा शिशवस्थामा नै सुरु हुनु पर्दछ । जसका कारण विद्यालय प्रवेश गर्ने वेलामा राम्रो विद्यार्थीको रुपमा प्रवेश गर्न सकोस । फ्रोवेलका विचारमा आत्मकृयाकलाप, आत्म अभिव्यक्ति र आत्म अनुभूति आदि कुराहरु समाजमा रहेर सामाजिकीकरण प्रक्रियाबाट सिक्ने कुरा हुन् । बालबालिकाहरुको पुर्ण विकासका लागि घर, परिवार, स्कूल, धार्मिक संस्था र राज्यको आवश्यकता पर्दछ । कुनै पनि बालबालिकाको शिक्षा एक्लै पूर्ण हुदैन । त्यसका लागि अरुबालवालिकाहरु पनि घुलमिल हुनु पर्दछ । शिक्षा भन्नु नै आत्म क्रियाकलापद्धारा गरेर सिक्ने हो ।

शर्मा एण्ड शर्मा (२०६७) अनुसार मारिया मन्टेसोरीलाई पूर्व विद्यालय शिक्षा (Preprimary Education)मा नयाँ पद्धतिको विकास गर्ने शिक्षाविद्को रुपमा उनलाई विश्वले चिन्दछ । इटलीमा जन्मेकी मारिया मन्टेसोरीले पूर्वप्राथमिक विद्यालयका कलिला मस्तिष्कका बालवालिकाहरुका लागि शिक्षण सिकाइको नयाँ तरिकालाई शिक्षा प्रतिको ठूलो योगदानका रुपमा दिइन्छ । उनले पूर्वविद्यालय आउने केटाकेटीहरुलाई विभिन्न समुहमा वढी प्रयोगात्मक, गति र खेलको माध्यमवाट शिक्षण गर्नुपर्दछ  भनेकी छन् । शिक्षण गर्दा विभिन्न कक्षाहरुमा निम्नाअनुसार गर्नुपर्दछ भन्ने मन्टेसोरिको धारणा छ ।

विद्यार्थीहरुले घरमा व्यवहारमा ल्याउने निश्चित सामग्रीहरुको प्रयोग गरि शिक्षण गर्दा विद्यार्थीहरुलाई राम्रो धारणाको विकास हुन्छ । उदाहणका लागि उसले लगाएको सर्ट, टोपी, टाई, जुत्ता मेच, टेवल, ढोका, टिफीन, सामान आदि वच्चाले देखिरहेको हुन्छ । यसमा अभ्यस्त गराउँदा इन्द्रियहरुको समन्वय र कामको अभ्यास राम्ररी हुन्छ । विद्यार्थीहरुलाई मिलेर वस्ने, राम्ररी उभिने, लाइन लागेर हिडने विभिन्न रंगहरु चिन्ने, एकैसाइजका विभिन्न वस्तुहरु मिसाई छुट्याउन लगाउने, आँखा वन्द गरि छोएर पत्ता लगाउने, विभिन्न खेलहरु खेलाउने गर्नुपर्दछ । यसवाट उनीहरु क्रियाशील रही खुसि रहने इन्द्रियको विकास हुन्छ ।

ज्ञानको विकास र इन्द्रियहरुको क्रियाशील वढ्ने कार्यहरुमा उनीहरुलाई संलग्न गराउनु पर्दछ । लुगा लगाउन, लुगा फुकाल्न, धुलो झार्न, एक ठाउँवाट अर्का ठाउँमा सामान लान, फलाम र काठका टुक्राहरुलाई अलग अलग ठोकेर आवाज निकाली चिन्न तौल पत्ता लगाउन, खाल भएको वस्तुहरु देखाउन, खालमा छिराउने जस्ता क्रियाकलापहरु गराउनु पर्दछ । कक्षामा

केटाकेटीलाई छरिएका सामानहरु मिलाउन, हात, खुट्टा, मुख, नाक, आँखा, कान सफा गर्न लगाउन, लय हालेर गीत गाउन, रंग लगाउन आदि जस्ता क्रियाकलापमा संलग्न गराउनु पर्दछ ।

गुणस्तरीय शिक्षाका लागि वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ अनुसार बालवालिकाले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय वालमैत्री विद्यालय हो । यस्ता विद्यालयमा बालबालिका अनुकुलको सिकाइ वातावरण तयार गरिन्छ । बालवालिकाहरुको अन्तरनिहित क्षमताको विकास गरिन्छ । यस अलवा यस्ता विद्यालयहरुमा बालवालिकाहरुले शारिरिक, मानसिक एवं संवेगात्मक रुपले सुरक्षित तथा स्वस्थ्य वातावरण पाउँदछन् । बालवालिकाहरुको रुचि, क्षमता र स्तरको कदर हुन्छ र सोहि अनुसार उनीहरुको सिकाइका लागि आवश्यक वातावरण एंव पाठयक्रमको व्यवस्था हुन्छ । बालबालिकाको सिकाइ उपलब्धिको मूल्यांकन गर्ने पूर्ण जिम्मेवारी शिक्षकको हुन्छ । बालबालिकाहरुलाई उनीहरुको जात, लिंग , धर्म, भाषा आर्थिकस्तर, शारिरीक एवं मानसिक दुर्वलताका आधारमा भेदभाव विना विद्यालयमा भर्ना गरिन्छ । यस वाहेक विद्यालय भित्र र वाहिर रहेका बालबालिकाहरुलाई भेदभावरहित व्यवहार गरिन्छ ।

पढाइ लेखाइका अतिरिक्त बालबालिकाहरुको स्वास्थ्य एवं सुरक्षामा विशेष ध्यान दिइन्छ । विद्यालयको नीती निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकनमा बालबालिका, अभिभावक र समुदायलाई प्रत्यक्ष सहभागी गराइन्छ । कुनै पनि प्रकारका भौतिक, शारिरीक एवं मानसिक दण्ड, सजाय वर्जित हुन्छ र बालबालिकाहरुलाई दुर्व्यवहार र नोक्सानीवाट वचाउने काम निरन्तर रुपमा भएरहेको हुन्छ ।

बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले वालअधिकार सवैको लागि शिक्षा, सहस्राव्दी विकास लक्ष्य जस्ता नेपालको तर्फवाट भएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुलाई सम्वोधन गर्ने, वालमैत्रि विद्यालयको आवश्यकता र महत्वको वारेमा सरोकारवालाहरुलाई अवगत गराउने, वालमैत्री विद्यालयको लागि राष्ट्रिय मापदण्ड र यसका सूचकहरु निर्धारण गर्ने उद्देश्य राखेको पाइन्छ र नेपालमा संचालित सवैखाले विद्यालयहरुलाई वालमैत्री विद्यालय वनाउन दिइएका सुचकहरुको आधारमा विद्यालयको स्तर पहिचान गर्ने, विद्यालयहरुको स्वमूल्यांकन गरि वालमैत्री विद्यालयमा रुपान्तरण गर्न सक्षमता विकास गर्ने, वालमैत्री विद्यालय वनाउन आवश्यक स्थानिय स्रोत साधन जुटाउन मार्गनिर्देशन गर्ने अधिकारमा आधारित गुणस्तरिय शिक्षाको प्रवर्द्धन गर्ने जस्ता कार्यहरु गर्नुपर्दछ ।

सेरीड (१९९८) ले ५ वटै विकास क्षेत्रलाई समेटेर झापा, चितवन, बाँके, सुर्खेत, डडेल्धुरा, र कैलाली जिल्लहरुमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना अन्तरगत संञ्चालित शिशु तथा प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाहरुमा वालमैत्री विद्यालयको कक्षाकोठा व्यवस्थापनबाट उनीहरुको १५ प्रतिशत सम्म सिकाईमा वृद्धि आएको कुरा वताएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले प्राथमिक शिक्षा तथा यसको व्यवस्थापनका सम्वन्धमा निम्नानुसार केलाएको छ ।

**क) शिक्षामा अवसर र सहभागिता**

प्रतिवेदनमा ७५ जिल्ला मध्ये ४२ जिल्लामा शैक्षिक सुविधा वढी देखिएको तर ४२ जिल्ला मध्ये २७ जिल्लामा मात्र वढि विद्यार्थी सहभागिता देखिएको उल्लेख छ । यसरी विद्यालयको सुविधा र अवसर वढ्दैमा विद्यार्थी सहभागिता नवढने देखाइएको छ ।

ख) **शैक्षिक प्रणालीको आन्तरिक क्षमता**

प्रतिवेदनमा एउटा अध्ययनवाट प्राथमिक तह पार गर्न करिव १२ वर्ष लागेको देखाइएको छ । यसवाट शिक्षा प्रणालीको सक्षमता करिव ४९% मा देखिन्छ । प्राथमिक शिक्षा प्रणालीभित्र ठूलो मात्रामा शैक्षिक नोक्सानी भएको देखिन्छ । धेरैजसो विद्यार्थी १ कक्षामा नै पढाइ छाडछन् कि त कक्षा दोहोऱ्याउँछन् ।

**ग) प्राथमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर**

प्राथमिक शिक्षा केवल साक्षरताको उद्देश्यमा सिमित रहेको देखिन्छ । यसमा विशेषगरि कार्यमुलक तत्वको अभाव रहेको छ । यसवाट बालबालिकाको विकासात्मक चाहनाहरु परिपूर्ति भएरहेका छैनन र केवल कितावी ज्ञानमा मात्र जोड दिएको छ । बालबालिकाको लागि रुचिकर एवं ग्रामिण परिवेश सुहाउँदो पाठयक्रम तयार हुन नसकेको पाइन्छ ।

**घ) शिक्षकको तयारी र तालिम**

शिक्षण पेशामा आउन तालिम अनिवार्य नगरिनुका साथै तालिमलाई पूर्ण आवश्यक योग्यता मानिएको छैन । प्राथमिक तहमा करिव ४०% शिक्षक तालिम प्राप्त छन् तर तोकिएको योग्यता र तालिमको हिसावले भने करिव ३०% मात्र शिक्षक रहेका छन् । यसवाट प्राथमिक शिक्षाको प्रभावकारितामा नकारात्मक प्रभाव परेको छ ।

**ङ) शिक्षण सिकाइको अवस्था**

प्राथमिक शिक्षामा शिक्षण, सिकाइको व्यवस्था निराशाजनक छ । विद्यालयमा पठनपाठनको उपयुक्त वातावरणको अभाव छ । शैक्षिक सामग्री, कालोपाटी, चकजस्ता आवश्यक सामग्रीको पनि व्यवस्था छैन । पठनपाठनको गुण र प्रकृति पनि यथार्थमा सैद्धान्तिक र विशेष गरि कितावी छ ।

**च) शैक्षिक व्यवस्थापन**

प्राथमिक विद्यालयको सवैभन्दा कमजोर र विग्रेको पक्ष व्यवस्थापन हो । यस सम्वन्धमा उत्तरदायी भावनाको कमि छ । कक्षाकोठा, वस्ने प्रवन्ध, सरसामान, पाठयसामग्री अव्यवस्थित छन् । निरीक्षण प्रभावकारी छैन ।

**छ) आर्थिक क्षमता**

प्राथमिक शिक्षालाई आधारभूत शिक्षा मानि निः शुल्क गरिएकाले सम्पूर्ण खर्च सरकारले व्यहोर्छ । अन्य विकासोन्मुख मुलुकको दाँजोमा नेपालको वजेटमा राखिएको शिक्षासम्वन्धी खर्च कम नै रहेको छ । शैक्षिक खर्चहरु प्रायः प्रशासनिक खर्चका रुपमा हुने गरेका छन् । विद्यालयलाई अनुदान अनि दिएको रकम विकास खर्च भनेर देखाइन्छ ।

उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले प्राथमिक शिक्षामा निम्न समस्याहरु उल्लेख गरेको छ ।

**१) पहुँच सम्वन्धी समस्या**

विगतमा विद्यालयको संख्या उल्लेखनीय वृद्धि भइ प्रति गा.वि.स.मा सरदर ५.५ विद्यालय पर्ने भएपनि शैक्षिक अवसर र सहभागितामा अझ वृद्धि नभएकोले प्रमुख समस्या यहि रहेको , एक तिहाई बालबालिका अझै पनि औपचारिक शिक्षावाट वञ्चित रहेको , विद्यालयको वैज्ञानिक नक्सांकन नभई समानुपातिक वितरण नभएको , कम उमेरमै प्रा.वि मा भर्ना गर्ने प्रवृति रहनु ।

**२) आन्तरिक दक्षता कम रहनु**

विद्यार्थीले विद्यालय छाडने कक्षा दोहोऱ्याउने वा प्राथमिक चक्र पुरा नगर्ने प्रवृत्ति विकराल रचना रहेको, प्राथमिक तह पुरा गर्न विद्यार्थीहरुलाई सरदर १-१२ वर्ष सम्म लाग्ने गरेको ।

**३) विद्यार्थी मूल्यांक्न सम्वन्धी समस्या**

वर्षको अन्तमा लिइने औपचारिक परीक्षा, वढी विषयवस्तु प्रदान खालको, सिकाइ विषयवस्तु रहनु ।

४) **प्राथमिक शिक्षाको गुणस्तर कमजोर रहनु**

सरकारी अनुदान प्राप्त विद्यालयहरुमा उपयुक्त सिकाइ वातावरणको विकास हुन नसकेको, बालबालिकासँग पूर्व प्राथमिक शिक्षाको अनुभवको अभाव, शिक्षकको न्युन योग्यता, तालिमको अभाव, निरन्तर विद्यार्थी मूल्यांक्नको अभाव, कमजोर विद्यालय व्यवस्थापन ।

**५) सान्दर्भिकता सम्वन्धी समस्या**

प्रा.वि. तहको पाठयक्रम ग्रामीण परिवेश  र अर्थतन्त्र अनुकुल नभएको, व्यवहारिक ज्ञानको समायोजन पाठयक्रममा नगरिएको ।

**६) कार्यक्रम विस्तार**ः प्रा.वि तहलाई सर्वसुलभ गराउन अनौपचारिक शिक्षाका कक्षाहरु लक्षित बालबालिकाहरुमा नपुगेका ।

**७) सर्वसुलभता**

एक तिहाइ बालबालिका विद्यालय शिक्षा वाहिर रहेकाले सवैलाई प्राथमिक शिक्षा सर्वसुलभ गराउन प्रा.वि तह अनिवार्य गर्न नसकिएको ।

**८) माध्यम सम्वन्धी समस्या**

नेपालमा मातृभाषाका रुपमा वोलिने राष्ट्रिय भाषाहरु धेरै भएकोले मातृभाषामा प्राथमिक शिक्षा प्रदान गर्न ठोस निति र कार्यक्रमको विकास हुन नसकेको ।

**९) विद्यालय व्यवस्थापन**

विद्यालय व्यवस्थापन केन्द्रिकृत प्रकृतिको रहेको, विद्यालयहरु कम समय खुल्ने गरेको, शिक्षक र विद्यार्थीहरुको उपस्थिति न्यून रहनु, नियमित निरिक्षण र अनुगमन नहुनु ।

**१०) भौतिक विकासका लागि अपर्याप्त लगानी**

प्राथमिक शिक्षाको क्षेत्रमा सरकारी खर्चको ५५% खर्च भए पनि यसको करिव ६०% तलव भत्तामा खर्च हुने गरेको, समुदायवाट विद्यालयलाई शैक्षिक तथा भौतिक विकासका लागि उपलब्ध हुने सहयोगमा कमि रहेको ।

**११) पाठ्यपुस्तक वितरण सम्वन्धी समस्या**

प्रा.वि तहका पाठ्यपुस्तक वितरण प्रक्रियामा एकरुपता र नियमितता नरहेको ।

श्रेष्ठ (२०६१) का अनुसार शिक्षा मन्त्रालयको दशौ योजनामा प्राथमिक तहको कक्षा १ मा भर्ना हुने मध्ये ४०% वालविकास केन्द्र वा पूर्व प्राथमिक कक्षावाट आउने व्यवस्था गरेको कुरा उल्लेख गरिएको छ । त्यसै गरि सोहि योजना अवधिमा वालविकास केन्द्रको संख्या १३००० पुऱ्याउने, सवै प्राथमिक शिक्षक तथा प्र.अ. हरुलाई अभिमुखिकरण तालिम दिने, अभिभावकहरुलाई पनि व्यापक रुपमा शिक्षा दिने एंव सन् २०१५ सम्ममा "सवैको लागि शिक्षा" भन्ने नारालाई सफल पार्न स्थानिय निकाय र समुदायहरुलाई समेत वालविकास केन्द्र खोल्न प्रोत्साहित गर्ने उल्लेख छ ।

वालअधिकार (२०६३) का अनुसार संयुक्त राष्ट्रसंघले २० नोभेम्वर १९८९ मा पारित गरेको वालअधिकार सम्वन्धि महासन्धीलाई हाल १७० भन्दा वढि राष्ट्रहरुलाई अनुमोदन गरिसकेको र नेपालले पनि सन् १९९० मा यस महासन्धिलाई अनुमोदन गरेको थियो । बालबालिकाको हक अधिकार सम्वन्धि ५४ वटा धारा रहेको उक्त महासन्धिमा खासगरि बालबालिकाले भेदभाव रहित वातावरणमा शिक्षा तथा स्वास्थ्यको अधिकार, फुर्सद, मनोरञ्जन तथा अभिव्यक्ति एवं सांस्कृतिक सम्वन्धि अधिकारलाई मुख्य जोड दिएको पाइन्छ ।

माध्यमिक शिक्षा सहयोग कार्यक्रम (२००३-२००८) का अनुसार मुलत : प्राथमिक तहमा कक्षा दोहोऱ्याउने विचैमा कक्षा पढाई छोडनेको दर तथा न्यून सिकाई उपलब्धिको मुख्य कारण न्युनस्तरको कक्षा शिक्षण नै हो भन्ने आधारमा शिक्षाको गुणस्तर, सक्षमता तथा प्रभावकारिता अभिवृद्धि गर्न परियोजना अगाडि सारिएको थियो ।

कोफ्सा (२०६६) ले वालविकास कार्यक्रम प्रभावकारी नहुनुको मुल कारणहरुमा वाल विकास केन्द्रका कोटालाई शिक्षक दरवन्दी सरह मान्नु सहयोगी कार्यकर्तालाई अन्यत्र जिम्मेवारी दिनु, आधारभूत तहमा शिक्षण गर्दा कक्षा वालमैत्री वन्न नसक्नु, विद्यालयमा सेवा सुविधा कम भएको, स्थायित्वको अभाव तथा अन्य नितिगत र प्रक्रियागत समस्याहरु देखाएको छ ।

सेभ द चिल्ड्रेन (२००६) ले वालमैत्री विद्यालय स्थापना गरि विद्यार्थीको सामाजिक र भावनात्मक विकास गर्दै गुणात्मक शिक्षामा जोड दिएको पाइन्छ ।

SSRP को मध्यावधि मूल्यांकनले पूर्व प्राथमिक र प्राथमिक तहमा भर्ना दर वढेको देखाएता पनि आन्तरिक दक्षतामा कमजोर रहेको तथ्य सार्वजनिक गरेको छ ।

गौतम (२०७० ) का अनुसार विद्यालयलाई साच्चै वालमैत्री वनाउने कार्य गर्नुपर्दछ । पूर्व प्राथमिक वालविकास कार्यक्रमको विस्तार तथा महिला शिक्षकको संख्या वृद्धि गर्नुपर्दछ ।

थपलिया (२०७०) का अनुसार प्राथमिक तहमा वालमैत्री शिक्षण सिकाइ क्रियाकलापमा शिक्षण सामग्रीको निर्माण, प्रयोग तथा व्यवस्थापन सम्वन्धी समस्या, सिकाइ उत्प्रेरणा विधि सम्वन्धी शिक्षण एवं मूल्यांकन सम्वन्धी समस्याहरु विद्यमान छन् ।

राजा जमिल (२०७०) का अनुसार बालबालिकाको सिकाइ र सिकाइको लागि उपलब्ध स्थानको वारेमा तथ्यहरु पत्ता लगाउन प्रमाणमा आधारित आन्दोलनको आवश्यकता छ ।

नेपालको संविधान २०७२ को धारा २२ अनुसार प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ । प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ । प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक, वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्धारा दण्डनिय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

वालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीती (२०६८) को परिच्छेद ३ को धारा ११ मा वालमैत्री स्थानिय शासन प्रवर्द्धनका लागि देहायको सिद्धान्तहरु अवलम्वन गरिएको छ ।

क) **गैरविभेदिकरण** : प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, लिंग, उमेर, भाषा आदिका आधारमा कुनैपनि प्रकारको भेदभाव गरिएको छैन ।

**ख) सर्वोत्तम हितः** सार्वजनिक ऐन निजी सेवा प्रवाह एवं विकास गतिविधिमा एवम् घर परिवारमा समेत उनिहरुको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिएको छ ।

**ग) सर्वाङ्गीण विकास :** जन्मदर्ता, शिक्षा, पोषण, खेलकुद, मनोरञ्जन आदि जस्ता अधिकार सुनिश्चित गरि उनीहरुको सर्वाङ्गीण विकास गर्न सवै पक्षलाई प्रेरित गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शोधकार्यलाई पूर्णता दिनका लागि सम्वन्धित विषयसँग नजिकको सम्वन्ध राख्ने सिद्धान्त तथा विचारहरुलाई आधार वनाउनु उत्तिकै महत्वपूर्ण हुन आउँछ । यसकारण प्रस्तुत “प्राथमिक तहमा वालमैत्री कक्षाकोठाको व्यवस्थापन” शीर्षकको शोधकार्यको अध्ययनार्थ शिक्षाविद् मारिया मन्टेश्वरि, फ्रोवेल, जोन डिवेका शिक्षण सिद्धान्तलाई यस अध्ययनको आधार वनाइएको छ ।

शिक्षाविद तथा वालमनोवैज्ञानिक मारिया मन्टेश्वरीलाई पूर्व विद्यालय शिक्षाको नयाँ शिक्षण पद्धतिको जन्मदाताको रुपमा चिनिन्छ । पूर्व विद्यालय शिक्षामा उनले नयाँ सोच र पद्धतिको विकास गरेकि थिइन । उनको नामवाट नै पूर्वविद्यालय शिक्षणलाई मन्टेश्वरी शिक्षणका नामले चिनिन्छ । सुरुवातको क्रममा लडाईका चपेटामा परेका लत्कालिन इटलीको अस्पतालमा भएका अपाङ्ग, मन्द वृद्धि एवं अशत्त केटा केटीको सेवामा जुटेकी उनि त्यसैवाट नयाँ शिक्षण विधिको शुरुवाती प्रयोग गरेकी थिइन । पछि उनको शिक्षण विधिलाई इटलीको सरकारले मान्यता दियो । त्यसपछि इटलीका विभिन्न सामान्य केटाकेटीहरुमा पनि अर्को शिक्षण विधिको प्रयोग सुरु गरियो । इटली सरकारले उनलाई वालगृहको प्रमुख वनाएसँगै उनको यस शिक्षण विधिले अझ सशक्त रुपवाट अगाडि वढने मौका पायो । मन्टेश्वरीद्धारा प्रतिपादित सिद्धान्तलाई छोटकारिमा निम्नानुसार प्रस्तुत गरिन्छ ।

### अन्तरनिहित क्षमताको विकासको सिद्धान्त

यस सिद्धान्त अनुसार वालक आफैमा क्षमतावान हुने हुँदा उनीहरुमा रहेको अन्तर्निनिहित क्षमतालाई प्रस्फुटन गर्ने खालका उपयुक्त वातावरण सृजना गरिनुपर्छ ।

### स्वतन्त्रताको सिद्धान्त

स्वतन्त्रता बालकको जन्मसिद्ध अधिकार भएकोले वालकलाई विना कुनै वाधा अवरोध सिक्ने अवसर प्रदान गर्नुपर्छ ।

### दण्ड  सजाय रहित सिकाइ सिद्धान्त

बालवालिकालाई भय रहित वातावरणमा सिक्ने अवसर दिइयो भने उनिहरुमा सृजनशक्तिको विकास हुन्छ । त्यसैले शारिरीक, मानसिक, लगायतका कुनै पनि दण्ड सजाय दिनुहुदैन । यसले नकारात्मकता वढाउँछ र सिकाइप्रति उनिहरुलाई उदासिन वनाउँदछ ।

### व्यक्तित्व विकास सिद्धान्त

बालवालिकाहरु विभिन्न व्यक्तित्वको हुने हुदाँ उनीहरुको व्यक्तित्वको विकास हुने अवसर प्रदान गर्ने भूमिका शिक्षकले निर्वाह गर्नुपर्छ ।

त्यसै गरि किन्डरगार्डेन प्रणालीको जन्मदाता फ्रोवेलले बालक एक विरुवाको रुपमा र शिक्षक एक मालीको रुपमा रहनुपर्ने, बालबालिकाहरुलाई हस्तक्षेप नगरि स्वतन्त्र रुपवाट सिक्न लगाउनुपर्ने । शिक्षण पूर्ण रुपमा विद्यार्थी केन्द्रित हुनुपर्ने, शिक्षण विद्यार्थी क्रियाकलापमा आधारित हुनुपर्ने जस्ता धारणाहरु राखेका छन् । उनको शिक्षण सम्वन्धि धारणालाई पनि यस अध्यनको सैद्धान्तिक आधारको रुपमा निम्न अनुसार प्रस्तुत गरिन्छ ।

**स्वतन्त्रताको सिद्धान्त**

बालबालिकालाई विना रोकतोक स्वतन्त्रतापूर्वक सिक्ने वातावरण सृजना गर्नुपर्छ ।

**विद्यार्थी केन्द्रित शिक्षण सिकाइ**

शिक्षण विधि, बालबालिकाको रुचि र चाहनामा आधारित हुनुपर्छ ।

**गरेर सिक्ने सिद्धान्त**

सुनेर र देखेर भन्दा वच्चाहरुले आफैले अनुभव गरेर सिकेको कुराहरु दीर्घकालिन हुन्छ र त्यसवाट व्यवहारिक ज्ञान र आत्मसन्तृष्टि प्राप्त हुन्छ ।

**व्यक्तित्व विकासको सिद्धान्त**

व्यक्तित्व विकासको लागि क्रियात्मक पक्षको प्रयोग गर्नुपर्छ आत्मज्ञानले नै व्यक्तित्वको विकास हुन्छ , नकि किताबि ज्ञानले मात्र ।

**सामुहिक खेलविधिको सिद्धान्त**

सामाजिक गुणको विकास गराउन पूर्व वाल्यावस्थाका वच्चाहरुलाई सामुहिक खेलमा सहभागी गराउनु पर्छ ।

**शैक्षिक सामाग्रीको उचित प्रयो**ग

शैक्षिक सामग्रीको प्रयोगले सिकाइ द्रुत र प्रभावकारि हुन्छ ।

शिक्षाविद् जन डिवेको शिक्षा दर्शनअनुसार शिक्षाका दुईवटा आधारहरु हुन्छन् । मनोवैज्ञानिक आधार र सामाजिक आधार । शिक्षा वालकको प्रवृत्ति, रुचि, क्षमता, आवश्यकता र स्वभावका

आधारमा दिइनुपर्छ । यसलाई शिक्षाको मनोवैज्ञानिक आधार भनिन्छ । यतिले मात्र नभई शिक्षा सामाजिक स्थिति, सामाजिक आवश्यकता, सामाजिक सभ्यता र संस्कृतिक परम्परा, रितिरिवाज, वातावरण र सामाजिक संघसंस्थाका मूल्य र मान्यतामा पनि आधारित हुनुपर्दछ । पाठयक्रममा वालकको रुचि अनुसारका विषयहरु राखिनुपर्ने, पाठयक्रम लचिलो हुनुपर्ने तथा बालवालिकाहरुलाई गरेर सिक्ने स्वअनुभवद्धारा सिक्ने, प्रयोगद्धारा सिक्ने जस्ता शिक्षण विधिहरु अपनाइनु पर्ने जस्ता धारणाहरु राखेका छन् ।

यसरी माथि उल्लेखित विभिन्न शिक्षाविद् तथा मनोवैज्ञानिकहरुको सिद्दान्त तथा धारणाहरु प्रस्तुत सोधको विषयवस्तु  आधार वन्न सक्ने हुँदा वालविकास र पूर्व प्राथमिक शिक्षाका लागि यस्ता सिद्धान्त र धारणाले विश्वव्यापी मान्यता प्राप्त गरेकालेयस अनुसन्धान कार्य प्राथमिक तहमा बालमैत्री कक्षाकोठाको व्यवस्थापन शीर्षकमा अध्ययनको सैद्धान्तिक आधारको रुपमा राखी छोटकरीमा यहाँ प्रस्तुत गरिएको हो ।

## २.३ सम्बन्धित साहित्यको पुनरावलोकनाको शैक्षिक उपादेयता

पूर्व साहित्यको पुनरावलोकनवाट प्राथमिक तहमा देखिएका विविध समस्याहरु, समस्या आउनका कारणहरु, वालमैत्री विद्यालय संचालनको राष्ट्रिय प्रारुप, वालमैत्री विद्यालय हुँदा बालवालिकामा हुने सकारात्मक परिवर्तन, शिक्षण सिकाइमा सहजता, वालमैत्री अवस्था विविध पक्षहरुलाई प्रकाश पारिएको विभिन्न पुस्तक, लेख प्रंतिवेदन एवं तथ्यांकहरुवाट केहि महत्वपुर्ण जानकारीहरु प्राप्त भएका छन् । यस अनुसन्धानबाट प्राप्त भएका उपलब्धि तथा निष्कर्षहरु वाहिर प्रकाशमा ल्याइ वालमैत्री तथा विद्यालयको व्यावस्थापनका सम्बन्धमा अनुसन्धान गर्न खोज्ने जो कोहीलाई पनि यो सोध सामग्री हुन सक्नेछ ।

साहित्यको पुनरावलोकन एवं अध्ययनको सैद्धान्तिक खाकाले यस क्षेत्रमा अध्ययन गर्नको लागि आवश्यक सूचना, मापदण्ड एवं तथ्यांक संकलनको लागि चाहिने आवश्यक औजार निर्माण, मार्गदर्शनको वाटो तथा अध्ययनलाई परीक्षण गर्न र अध्ययनकार्यलाई सैद्धान्तिक विचलन हुनवाट रोक्न शैक्षिक उपादेयताको रुपमा भूमिका निभाउन सफल हुने मानिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

कुनै पनि अनुसन्धानवाट सत्य तथ्यको नजिक पुग्नको लागि हरेक शोधकर्ताले अनुसन्धानको क्रममा वैज्ञानिक र व्यवस्थित अध्ययन पद्धतिलाई प्रयोगमा ल्याउनु आवश्यक हुन्छ । वैज्ञानिक अनुसन्धान विधि विना गरिएको अध्ययनको विश्वसनियता ज्यादै कम हुन्छ । त्यसैले अनुसन्धान कार्यमा तथ्यांक संकलन विश्लेषण, तालिकीकरण, प्रस्तुतीकरण र प्रतिवेदन तयार पार्ने जस्ता विविध कार्यहरु गर्नुपर्ने भएकोले यसलाई शोधकार्यको एउटा कठिन र चुनौतीपूर्ण काम मानिन्छ । अनुसन्धानको महत्वपूर्ण पक्ष तथ्यांक संकलन गर्ने साधनको निर्माण हो जसको लागि विभिन्न सरोकारवालाहरुलाई जनसंख्याको रुपमा लिई त्यसवाट प्राप्त साधनको प्रयोगले तथ्यांक संकलन गर्न प्राथमिक र द्धितिय दुवै श्रोतहरु उपयोगमा ल्याइएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान कार्यलाई पूर्णता प्रदान गर्नको लागि एउटा निश्चित दायरा वा ढाँचा निर्धारण गर्नुपर्ने हुन्छ । यसमा अनुसन्धानको प्रकृति संकलित तथ्यांकको व्याख्या, विश्लेषण गर्नको लागि तोकिएको कुराहरुको पूर्व जानकारीहरु पर्दछन् । प्राथमिक तहमा बालमैत्री कक्षाकोठाको अवस्था अध्ययन गरि त्यसमा भएका समस्या पत्ता लगाएर सुझाव दिने मुख्य उद्देश्य रहेको यस अध्ययन सफल पार्न विभिन्न नमूना प्रश्नावलीहरु, अवलोकन फाराम, अन्तवार्ता सुचि, सरोकारवालाहरुसँग प्रत्क्षय भेटघाट तथा अन्तरक्रिया आदिवाट तथ्यांकहरु प्राप्त गरिएको थियो । बालविकास केन्द्रवाट प्राप्त अभिलेखहरु पनी तथ्यांकका प्रमुख श्रोत हुन् ।

मूलतः व्याख्या र विश्लेषणको आधारमा तयार पारिने यो अध्ययन प्रतिवेदनको लागि तयार पारिएको प्रश्नावलि अध्ययनकर्ता स्वयम फिल्डमा गएर भराई सम्वन्धित क्षेत्रमा गई अवलोकन फारम भर्नुको साथै, प्राथमिक विद्यालय शिक्षक, प्र.अ , वि.व्य. स अध्यक्ष तथा अभिभावक र बालबालिका सवै पक्षसँग अन्तर्वार्ता लिइएको थियो । तथ्यांक संकलनको प्राथमिक र द्धितीय दुवै श्रोतवाट प्राप्त तथ्यांकहरुलाई संख्यात्मक र गुणात्मक दुवै तरिकावाट व्याख्या, विश्लेषण गरिएको छ । अध्ययनका क्रममा प्राप्त तथ्याङकहरुलाई शाब्दिक व्याख्या र विवेचना मार्फत प्रस्तुत गरिएकाले यहाँ मिश्रित प्रणालीको अनुसन्धान ढाँचा प्रयोग भएको छ ।

## ३.२ अध्ययनको जनसंख्या र नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्यले जति धेरै ठुलो क्षेत्र ओगटेको हुन्छ त्यसबाट त्यती नै विश्वसनिय र वैधानिक तथ्यांकहरु प्राप्त गर्न सकिने हुन्छ । तर सिमित समय स्रोत साधान तथा व्यावहारिकताका कारणले निश्चत स्थानको अध्ययन कार्यसँग सम्बन्धीत पक्षहरु नै यस सोध कार्यको जनसंख्या हो । यसरी यस सोध कार्यमा महोत्तरी जिल्लाको हात्तिलेट स्रोत केन्द्र अन्तरगत रहेका र छनोटमा परेका प्राथमिक विद्यालयका श्रोतव्यक्ति, प्र.अ, प्रा.वि तहका शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्बन्धीत सरोकारवालाहरुलाई यस अध्ययन कार्यमा जनसंख्याको रुपमा राखिएको छ । त्यसैगरी सोध कार्यमा समेटिएका प्राथमिक विद्यालय तथा सम्बन्धीत विद्यालयका सरोकारवाला पक्षहरुसँग उद्देश्यमुलक नमूना छनौट विधि अपनाइएको छ ।

## ३.३ तथ्यांक संकलनका श्रोतहरु

अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, तथ्य, प्रमाण, जानकारी तथा आँकडाहरुलाई नै तथ्यांक भनिन्छ । अनुसन्धानलाई विश्वसनिय वैध वनाउनका लागि तथ्यांक संकलनमा कस्ता स्रोतहरुलाई उपयोगमा ल्याइछ त्यस कुराले पनि प्रभाव पार्ने हुदा यस अध्ययनका लागि आवश्यक पर्ने तथ्यांकको स्रोत महोत्तरी जिल्लाको हात्तिलेट स्रोत केन्द्र अन्तर्गत जनजागृति प्रावि वर्दिबास, इच्छेश्वर नि.मा.वि. हात्तिलेट, ने.रा.नि.मा.वि. ढुंग्रे, इच्छेश्वर नि.मा.वि. चेरु र जनता मावि. गौरीडाँडा बाट संकलन गरिएको छ भने यस अनुसन्धानको क्रममा आवश्यक सूचना एवम तथ्यांक संकलन गर्नको लागि प्राथमिक एवम् द्धितिय दुवै श्रोतको परिचालन गरिएको छ ।

### ३.३.१ प्राथमिक श्रोत

कुनै पनि अनुसन्धानमा अनुसन्धान कर्ताले पहिलो पटक संकलन तथा प्रयोग गरेका तथ्यांकहरु नै तथ्यांकका प्राथमिक स्रोत हुन् (शैक्षिक अनुसन्धान पद्धति, पेशल खनाल) । यि तथ्यांकहरु अनुसन्धान कर्ताद्धारा नै सृजित गरिने भएको हुदा यस्ता तथ्यांकहरु वास्तवमा मौलिक तथ्यांक पनि भनिन्छ । अनुसन्धानका लागि आवश्यक पर्ने जानकारि एवं तथ्यांकका लागि शोधकर्ता आफैं गएर प्रत्यक्ष रुपमा तथ्यंकहरु संकलन गरिएको छ । यस क्रममा प्रश्नावलि, अन्तरवार्ता, अवलोकन फारम, रुजुसुचि र मुख्य जानकारिका माध्यमवाट आएका संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्यहरु समावेश गरिएको छ ।

### ३.३.२ द्धितीय श्रोत

सामान्यतया तथ्यांकको द्धितीय स्रोत भनेको पहिला नै संग्रह गरिएका तथ्यांकहरु जसलाई अनुसन्धान कार्यमा पुन प्रयोग गरिन्छ । यस्ता स्रोतहरुले अनुसन्धानलाई अझ वढी पुणता दिने हुदा अनुसन्धान कार्यमा प्राथमिक श्रोतको पुरक जानकारिका रुपमा आवश्यकता अनुसार द्धितीय श्रोतहरु पनि समावेश गरिएको छ । जस अनुसार यस अध्ययनसँग सम्वन्धित विद्यालय एवं प्राथमिक तहका रेकर्ड, नेपाल सरकार शिक्षा मन्त्रालय, जिल्ला शिक्षा कार्यालय, सम्वद्ध निकायहरु, शोधपत्र, विद्धानहरुद्धारा प्रकाशित पुस्तक , लेख रचनाका अतिरिक्त विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुवाट प्रकाशन हुने पत्रपत्रिकावाट पनि आवश्यक तथ्यांकहरु संकलन गरिएको छ ।

### ३.४ तथ्यांकका साधनहरु

यस अध्ययन कार्यलाई पूर्णता दिन तल देहाय वमोजिमका साधन निर्माण गरी सम्वन्धित विषय विशेषज्ञ एवं शोध निर्देशक समेतको राय सुझाव अनुरुप परिमार्जन समेत गरि तिनिहरुलाई विश्वसनिय एवं वैध वनाउने प्रयास गरिएको छ ।

### ३.४.१ अवलोकन फारम

यस अर्न्तगत छनौटमा परेका प्राथमिक विद्यालयको कक्षाकोठाको वालमैत्री व्यवस्था र कक्षाकोठा वाहिरका समग्र भौतिक पूर्वाधारहरुको वालमैत्री अवस्थाको लागि विभिन्न प्रश्नहरु समावेश भएका अवलोकन फारम निर्माण गरिएको छ । जसलाई अनुसुचीमा समावेश गरिएको छ । यसमा अति उत्तर, मध्यम, सामान्य र कमजोर गरि विभिन्न वर्गमा विभाजन गरि विवरण संकलन गरिएको छ ।

### ३.४.२ अन्तर्वार्ता

अर्न्तवार्ता व्यावहारिकता हिसावले अनुसन्धान कार्यमा एक उपयुक्त माध्यम भएको हुदा यसलाई पनि तथ्यांकको साधन मानिएको छ । शोधकर्ता स्वयं अध्ययन क्षेत्रमा गई सम्वन्धित विद्यालयका प्र.अ., शिक्षक, स्रोत व्यक्ति, व्यवस्थापन समितिका सदस्यहरुसँग विद्यालयको भौतिक सुविधाहरु, शैक्षिक सामग्रीहरु एवं शिक्षण क्रियाकलापहरुमा वालमैत्रीपना भए नभएको सम्बन्धमा अन्तर्वार्ताको माध्यमबाट अध्ययन कार्यलाई अगाडी बढाईएको थियो । जसलाई अनुसुचिमा समेत समावेश गरिएको छ ।

### ३.४.३ प्रश्नावली

अनुसन्धान कार्यमा प्राथमिक तथ्याङ्क संकलन गर्ने विधी मध्ये प्रश्नावली पनि एक विधी मानिन्छ । यस विधिको निर्माणद्धारा विभिन्न प्रश्नहरु निर्माण गरी उत्तरदाता समक्ष गई आवश्यक प्रश्नावली वितरण गरि उत्तर भर्न लगाईन्छ । अनुसन्धाका क्रममा आएका समस्याहरु समाधान गर्ने उद्देश्यले यस्ता प्रश्नावलीहरु निर्माण गरिएका हुन्छन् । सोध कार्यका सम्बन्धमा पनि विभिन्न अनुसुचिहरुमा सम्बन्धीत विद्यालयका प्र.अ., शिक्षक, सहयोगी कार्यकर्ता, सरोकारवाला वर्गहरुका लागि छुट्टा छुट्टै प्रश्नहरु निर्माण गरएका छन् ।

### ३.४.४ रुजुसुचि

यस अनुसन्धानमा प्राथमिक तहको भौतिक र शैक्षिक पक्षको वालमैत्रीपनाको अवस्था पहिचानको लागि अनुसुचि ७ वमोजिमको रुजुसुचि प्रयोग गरिएको छ ।

### ३.५ तथ्यांक संकलनको प्रक्रिया

अध्ययनको लागि छनौट गरिएका प्राथमिक विदयालयका शिक्षक, प्र.अ. अभिभावक र सम्वन्धित क्षेत्रका श्रोतव्यक्तिहरुसँग प्रत्यक्ष भेटघाट गरि अनुसूचि ३ देखि ६ सम्मको प्रश्नावली तथा अन्तरवार्ता फारमहरुवाट सूचना संकलन गरिएको छ । यस्ता प्रश्नावली सहयोगी कार्यकर्ता र विद्यार्थीको लागि वन्द र अन्य सरोकारवालको लागि खुल्ला प्रकृतिको हुनेछ । त्यसै गरि यस अध्ययनसँग सम्वन्धित द्धितीय तथ्यांकहरु, श्रोतकेन्द्र, जिशिका वाट प्राप्त श्रोत, विद्यालय अभिलेख, व्यावस्थापन समिति तथा शिक्षक वैठकका निर्णयहरु तथा सुचना रजिष्टरवाट प्राप्त गरिएको छ ।

### ३.६ तथ्यांक विश्लेषण प्रक्रिया

अनुसन्धानका क्रममा प्राप्त भएका कच्चा तथ्यांकहरुको प्रतिनिधी मुलक अंशहरु निर्माण गर्ने र तिनीहरुको आधारमा अनुसन्धानका समस्याहरुलाई सुल्भ्फाउन गरिएका जति पनि प्रक्रियाहरु नै तथ्यांक विश्लेषण प्रत्रिक्रया हो । सोध कार्यका सिलसिलमा विभिन्न स्रोतहरुबाट संकलित तथ्यांकहरुलाई सबैले बुभ्फिने गरि प्रस्तुत गरिएमा मात्र अध्ययन कार्यले पुणता पाउने हुदा तथ्यांक विश्लेषण प्रक्रिया एक महत्वपुर्ण प्रक्रिया हो । यस अनुसन्धान कार्यमा पनि विभिन्न औजारहरुद्धारा संकलित प्राथमिक तथा द्धितीय तथ्यांकलाई सावधानि पुर्वक सुचिवद्ध गरि तिनीहरुको प्रकृति अनुसार वर्गिकरण गरिको छ । प्राप्त सुचनाहरुलाई तालिकीकरण गरी संख्या

तथा प्रतिशतको माध्यमबाट तथ्यांक व्याख्या एंव विश्लेषण गरिएको छ । यसै गरी यस सोध कार्यमा वर्णनात्मक प्रकृतिको व्याख्या र विश्लेषण प्रयोग भएको छ ।

# परिच्छेद चार

# नतिजाको विष्लेषण

**"आधारभूत तहमा वालमैत्री कक्षाकोठाको व्यवस्थापन"** विषयको यस शोध कार्य महोत्तरी जिल्लाको हात्तिलेट श्रोतकेन्द्र अर्न्तगत पर्ने ५ वटा सामूदायिक विद्यालयमा सञ्चालित आधारभूत विद्यालयका मुख्य सरोकारवालासँग प्रत्यक्ष भेटघाट गरि, समूहगत, छलफल, व्यक्तिगत अन्तरवार्ता, प्रश्नावली तथा अवलोकन एवं रुजुसुचिवाट प्राप्त भएका सूचना तथा तथ्यांकहरुलाई विभिन्न शीर्षकमा रहेर व्यख्या एवं विश्लेषण गरिएको छ ।

वि.स २००५ सालमा मन्टेश्वरी स्कुलको सुरुवातसँगै नेपालमा विकासका विभिन्न चरणहरुमा क्रमशः यसलाई केही महत्व दिन खोजिएको देखिएता पनि "सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना" (२००१-२०१५) मा आइपुग्दा प्राथमिक तहमा विविध कार्यक्रमले अझ प्राथमिकता पाएको देखिन्छ । हाल आएर विद्यालय क्षेत्र सुधार कार्यक्रममा पनि पाँच देखि नौ वर्ष उमेर समुहका विद्यालय शिक्षाका पहुँच भन्दा वाहिर रहेका करिव ८ प्रतिशत बालबालिकाहरुलाई विद्यालय शिक्षाको पहुँच भन्दा भित्र ल्याउने र आधारभूत तथा माध्यमिक शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने उद्देश्य राखेको पाइन्छ । हाल समुदायमा आधारित तथा विद्यालयमा आधारित प्राथमिक तहका कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ । वालविकास केन्द्र तथा प्राथमिक तहका बालबालिकाहरुले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने वातावरण भएको विद्यालय वालमैत्री विद्यालय हो । वालमैत्री विद्यालयहरुमा उनीहरुको रुची, क्षमता र स्तरलाई ध्यानमा राखि सोही अनुरुपको सिकाइ वातावरण तथा पाठयक्रमको विकास गरिन्छ । यसका अलवा बालबालिकालाई सामाजिक दुर्वलता आदि कुनै पनि आधारमा भेदभाव नगरि शैक्षिक व्यवहार गरिनुका साथै अतिरिक्त क्रियाकलाप, वालसुरक्षा तथा शारीरिक, भौतिक एवं मानसिक दण्ड सजायवाट सुरक्षित हुने वालमैत्री वातावरण निर्माण गर्ने समग्र कुराको अध्ययन यसै अन्तरगत पर्ने भए पनि प्रस्तुत अध्ययनमा मुख्यतया भौतिक व्यवस्थापनको वालमैत्रीपना एवं शिक्षण सिकाइ क्रियाकलापमा वालमैत्रीपनाका दुवै पक्षहरु माथि यस अध्ययन केन्द्रित छ । जसको विष्लेषण देहाय अनुसार गरिएको छ ।

### ४.१ प्राथमिक तहमा बालमैत्री कक्षा कोठाको वर्तमान अवस्था

प्राथमिक तहमा बालमैत्री कक्षा कोठाको वर्तमान अवस्थावारे अध्ययनलाई प्राथमिक विद्यालयमा भौतिक अवस्थाको वालमैत्रीपना र शैक्षिक अवस्थाको वालमैत्रीपन गरि दुई भागमा विभाजित गरि यस अध्ययनको लागि विभिन्न तथ्यांकका श्रोतहरुको उपयोग गरि वास्तविक अध्ययन गरिएको छ ।

### ४.१.१ भौतिक अवस्थाको बालमैत्रीपना

यस अनुसन्धान क्षेत्रमा रहेका ५ वटा प्राथमिक विद्यालयको भौतिक अवस्थाको विद्यमान वालमैत्री अवस्था अध्ययनका लागि निम्न शीर्षकहरुमा विभाजन गरि अध्ययन गरिएको छ ।

**क) कक्षाकोठा तथा फर्निचर सम्वन्धी व्यवस्था**

यस अध्ययन क्षेत्रका ५ वटै प्राथमिक तहका वच्चाहरुको लागि छुट्टाछुट्टै कक्षाकोठाको व्यवस्था भएको पाइयो । वालकक्षा संचालनको साईजको वारेमा वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ मा उल्लेख भए अनुसार प्रति विद्यार्थी ०.७२ वर्ग.मि क्षेत्रफल हुनुपर्ने जस अनुसार ५ मध्ये २ वटा वालमैत्री साइजको नभएको पाइयो भने ३ वटामा उपयुक्त साइजको भएको पाइयो । यसरी प्राथमिक तहका बालबालिकाहरुको लागि मापदण्ड अनुसारको कक्षाकोठा केहि मात्रामा भएता पनि विशेष गरि मापदण्ड विनाकै कक्षाकोठाहरु वढि रहेको पाइयो ।

पूर्व प्राथमिक विद्यालयका बालबालिकालाई विशेषगरि भूइमा वस्ने व्यवस्था उपयुक्त मानिन्छ । चिसोवाट सुरक्षा प्रदान गर्न उनिहरुलाई पिर्का, वाक्लो कार्पेट तथा कुसन गरिएका ५ मध्ये एउटा विद्यालयमा वाक्लो कार्पेट माथि राखेको पाइयो जुन वालमैत्री हिसावले उपयुक्त देखियो भने ५ मध्ये ४ वटा विद्यालयमा चाहि साना  वेन्चमा वसाइएको पाइयो । त्यसै गरि प्राथमिक विद्यालयका बालबालिकाहरुका लागि विद्यार्थीको उमेर अनुसार डेक्स वेन्चको उचाई भएको ५ विद्यालय मध्ये २ वटा अरु ३ वटा विद्यालयमा डेस्क वेन्चको उचाई उपयुक्त नभएको पाइयो । त्यसै गरि प्रति ४ विद्यार्थीका लागि १ सेट डेस्क वेन्च भएको विद्यालय ५ वटा मध्ये ४ वटामा र सेट डेस्क वेन्च नभएको विद्यालय एउटा रहेको पाइयो । यसका साथ साथै रन्दा लगाइएका फिनिसिङ्ग गरिएको डेक्स वेन्च तथा शिक्षकका लागि कुर्सि टेवलको अवस्था सन्तोषजनक पाइयो ।

प्राथमिक तहका वच्चाहरुका लागि उमेर र उचाई अनुसारका उपयुक्त डेस्क वेन्चहरु विद्यालयमा उपलब्ध हुनुपर्ने मापदण्ड अनुरुप ध्यान नदिएको पाइयो ।

**ख) वुक कर्नर, टिफिन कर्नर तथा सिकाइ क्षेत्रको व्यवस्था**

वालमैत्री  प्राथमिक विद्यालयको विद्यार्थीहरुको लागि सन्दर्भ सामग्री सहितको वुक कर्नर एवं विभिन्न विषयको सिकाइ क्षेत्र जस्तै नेपाली सिकाइ क्षेत्र, गणित सिकाइ क्षेत्र आदिको उचित व्यवस्था हुन आवश्यक छ । यहि आधारमा सिकाइ कर्नर एंव वुक कर्नरको व्यवस्था भएको पाइएन । एउटै लामो वाकसमा राखेको पाइयो भने कोहिले चाहिँ र्‍याकमा एकै ठाउँमा राखेको पाइयो । त्यसैले वुक कर्नर एवं सिकाइ क्षेत्रको व्यवस्थापन वालमत्री पाइएन ।

वालमैत्री विद्यालयमा यथासम्भव विद्यालयले नै खाजाको व्यवस्था गर्नु राम्रो मानिन्छ । यदि त्यो सम्भव छैन भने अभिभावकलाई उपयुक्त किसिमको खाजा पठाउन अनुरोध गरि खाजाहरुको एउटा छुट्टै सफा क्षेत्र (टिफिन कर्नर) को व्यवस्था अध्ययन एवं सहयोगी कार्याकर्ता सँगको छलफल अनुसार ५ मध्ये ३ केन्द्रमा बालबालिकाकाले आफैखाजा ल्याउने गरेको पाइएन भने वाँकी २ विद्यालयमा चाहिँ टिफिनको समयमा घर नजिक हुनेले घर जाने गरेको तथा घर नजिक नहुनेले खाजाको रुपमा केहि पनि खाने नगरेको पाइयो ।

**ग) शैक्षिक सामग्री राख्ने ठाउँको बालमैत्री अवस्था**

प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको लागि शैक्षिक सामग्री अति नै आवश्यक हुन्छ । सैद्धान्तिक भन्दा पनि गरेर सिक्ने, खेलेर सिक्ने एवं प्रयोगात्मक तरिकाले व्यवहारिक तरिकावाट द्रुत गतिमा सिक्ने भएकोले प्राथमिक विद्यालयमा यसका लागि विभिन्न साइजका छुट्टै दराजको व्यवस्था भएको पाइयो । धेरै जसो प्राथमिक विदयालयका भित्तालाई नै एक प्रकारको पाठ्यपुस्तकको रुपमा रङगाएको पाइयो । सवै प्राथमिक विद्यालयमा प्रदर्शन विधिको लागि सामग्रीको प्रयोग भएको पाइयो । मन्टेश्वरी सिद्धान्त अनुसार ति सामग्रीहरुको सहि प्रयोग आशिंक रुपमा भएको पाइयो ।

तालिका १  प्राथमिक विद्यालयमा प्रयोग भएका शैक्षिक सामग्रीहरु

| क्र. स | साामग्री | जम्मा विद्यालय संख्या | सामग्री भएका विद्यलय संख्या | प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ABCD चार्ट | ५ | ५ | १०० |
| २ | क, ख चार्ट | ५ | ५ | १०० |
| ३ | वानी वेहोराको चार्ट | ५ | १ | २० |
| ४ | चित्र अंकित चार्ट | ५ | ४ | ८० |
| ५ | अंक चार्ट | ५ | ५ | १०० |
| ६ | भकुण्डो | ५ | ३ | १०० |
| ७ | पजल सेट | ५ | १ | २० |
| ८ | ABCD सेट | ५ | ४ | ८० |
| ९ | क ख सेट | ५ | ४ | ८० |
| १० | फलफूलको मोडेल | ५ | ३ | ६० |
| ११ | जनावरको मोडेल | ५ | २ | ४० |
| १२ | चराजुरुङ्गिको मोडेल | ५ | ३ | ६० |

*श्रोत : स्थलगत अध्ययन, २०७३*

**घ) कालोपाटी/सेतोपाटी**

प्राथमिक विद्यालयमा कालोपाटीको अवस्थिति वालमैत्री हुनु अनिवार्य हुन्छ । यो उनिहरुले सजिलै पुग्ने र लेख्न, चित्र कोर्न सक्ने अवस्थाको हुनुपर्छ । यस आधारमा अवलोकन गर्दा ५ मध्ये ४ वटा केन्द्रका कालोपाटीहरु वलमैत्री अवस्थाको पाइयो र वाँकीले पनि भित्ताको तल्लो भागलाई कालोपाटीको रुपमा प्रयोग गरी वालमैत्री कालोपाटीलाई व्यवहारमा उतार्ने योजना वनाएको पाइयो ।

**ङ) खेल सामग्री, खेलमैदान र वालउद्यान**

गरेर सिक्ने तथा खेलेर सिक्ने वाल सिकाइ सिद्धान्तलाई व्यवहारमा उतार्न वच्चाहरुलाई खेलद्धारा सिकाउने र मनोरञ्जनामक खेल सामग्रीहरु आवश्यक पर्छ । उनीहरुका लागि प्रयोग हुने पिङ,, घोडा, पुतली, मोटर, डोरी, भकुण्डो, चाकाचुली विभिन्न जनावर फलफुलका मोडेल जस्ता सामग्री आवश्यक पर्छन । साथै ती सामग्रीहरु पनि उनीहरुको उमेर, रुचि तथा पहुँचमा भएमात्र वालमैत्री अवस्थाको मान्न सकिन्छ । तर अवलोकन गरिएका विद्यालयहरुमा मुख्य रुपमा भकुण्डो, डोरी जस्ता सामग्री केही मात्रामा पाइए पनि अन्यमा भने खासै खेल सामग्रीको व्यवस्था भएको पाइएन अध्ययनमा रहेका ५ विद्यालयहरु मध्ये ४ विद्यालयलाई आसमान नेपाल नामक संस्थाले विभिन्न खेलकुदका सामग्रीहरु उपलब्ध गराउन सहयोग गरिएको

पाइएता पनि विद्यालयहरुमा त्यस्ता खेलकुद सामग्रीहरुको उचित संरक्षण र प्रयोगको अभाव रहेको पाइयो । प्रायः अवलोकनमा रहेका विद्यालयहरुमा मन्टेश्वरीको सिद्धान्त अनुसार वालमैत्री वाततावरणमा मनोरञ्जन पूर्ण तरिकावाट सिक्ने अवसर भने न्यून अवस्थाको पाइयो ।

अध्ययन क्षेत्रका ५ विद्यालहरु मध्ये कुनै पनि विद्यालयमा खानेपानी कोठाभित्रै गिलास सहित व्यवस्था गरिएको पाइएन । २ वटा विद्यालयहरुमा भने खानेपानी कक्षाकोठावाट नजिकै धाराको व्यवस्था भएको पाइयो । धाराहरु वालवच्चाले सजिलै सँग खोल्न तथा वन्द गर्न सकिने उचाइका भने थिएनन् ।

स्थलगत अध्ययन गरिएका ५ वटै विद्यालयहरुमा उपयुक्त आकार र अवस्थाका खेल मैदानहरु अवस्थित रहेको तर ती केन्द्रहरुमा वालउद्यान अर्थात वालवगैचा भने विकास भएको पाइएन । यस हिसावले भन्दा खेलमैदान वालमैत्री अवस्थाको भएपनि उनीहरुको सर्वाङ्गीण विकासको लागि अत्यावश्यक वालवगैचाको अवधारणा नै विकास भएको पाइएन । त्यसैले वालमैत्री कक्षाकोठा एवं विद्यालय व्यवस्थापनको लागि यो पक्षमा ध्यान जानु जरुरी छ ।

**च) शौचालय एवं स्वास्थ्य सुविधा**

व्यवस्थीत प्राथमिक विद्यालयका लागि वालमैत्री शौचालय पनि एक अत्यावश्यक कुरा हो । जुन नजिकै तथा वालवच्चाले सहजै प्रयोग गर्न सक्ने अवस्थाका हुनुपर्छ । यस अनुसार अध्ययन गर्दा २ वटा केन्द्रमा शौचालय केहि टाढा (५० मि) भन्दा वढि भएको पाइयो । ३ वटामा नजिकै व्यवस्था भएको पाइयो । यद्यपि सवै शौचालयहरु वच्चाको उमेर अनुरुप तथा सफा भने थिएनन् ।

विद्यालय वालमैत्री हुन बालबालिकाको स्वास्थ्य अवस्था राम्रो हुनुपर्छ । बालबालिकाको स्वास्थ्य पक्षलाई छुट्याएर एउटा पूर्ण वालमैत्री विद्यालयको कल्पना गर्न सकिदैन । स्वास्थ्य निती, स्वास्थ्य भौतिक वातवरण, सिकाइ र शिक्षण, विद्यालय आचरण, सीपमा आधारित स्वास्थ्य पक्ष पनि यसमा समेटिन्छ । त्यसैले स्वस्थ्य तथा शारिरिक शिक्षा, अतिरिक्त क्रियाकलाप, विद्यालय पोषण कार्यक्रम आदि क्षेत्रहरुको वालमैत्री अवस्था यस अन्तरगत पर्ने भएपनि सामान्य शारिरीक शिक्षाशिक्षणको दृष्टिकोणवाट अध्ययन गरिएका विद्यालयको स्थलगत अवलोकन र छलफल गर्दा ५ वटै वालविकास केन्द्रमा छुट्टै स्वास्थ्य सेवा कार्यक्रम संचालन नगरेको र छुट्टै प्राथमिक उपचार वाकसको व्यवस्था केही विद्यालयमा भने भएको पाइयो । तर सामान्य चोटपटक लाग्दा विद्यालयकै श्रोत साधन प्रयोग भएको देखियो । विद्यालयको प्राथमिक तहको

कक्षाकोठा र त्यस वरपरका भौतिक वातावरण अवलोकन गर्दा केवल ३ वटा विद्यालयको वातावरण स्वस्थ्य देखिएकोले तिनीहरु वलमैत्री अवस्थाका थिए भने वाँकी २ वटा केन्द्रको स्वास्थ्य सुविधा चाहि वालमैत्री भएको देखिएन ।

यसरी अध्ययन गरिएका प्राथमिक विद्यालयको भौतिक अवस्थाको वालमैत्रीपना अध्ययन गर्दा ४ वटा कक्षाकोठाको साइज र अवस्था वालमैत्री पाइयो भने वाँकी एउटा विद्यालयमा वालमैत्रीपन भने अनुपयुत्त रहेको पाइयो । साना उमेरका बालबालिकाहरु खेल र मनोरञ्जनात्मक शिक्षण सिकाई कृयाकलापबाट सिक्न सक्ने वातावरणयुक्त कक्षाकोठा एउटा विद्यालयमा मात्र पाइयो । स साना बालबालिकालाई उचित मात्रामा र समयमा खाना खाजाको जरुरत पर्छ । यस उमेरका वच्चाहरु अस्थिर हुने , शारिरिक विकास पनि तीव्र हुने हुँदा प्रशस्त मात्रामा पौष्टिक आहारको जरुरत पर्दछ । भोको पेट भएमा रुने, कराउने, पढ्ने तथा सिकाई क्रियाकलापमा भाग लिन रुचि नगर्ने एवं मष्तिष्क समेत एकत्रित नहुने भएकोले उनीहरुलाई उचित रुपमा खाजा/टिफिनको व्यवस्था हुनुपर्छ ।

वालमैत्री अवधारणा अनुसार बालबालिकालाई कक्षाकोठालाई कक्षाकोठामा हरेक शैक्षिक तथा भौतिक सामग्रीको पहुँच हुनुपर्छ । यस अनुसार उनीहरुले भेटने, खेलाउने, छुन सक्ने तथा देख्न र अनुभव गर्न सक्ने हुनुपर्छ तर प्राथमिक तहको स्थलगत अध्ययन गर्दा नष्ट हुने डरले गर्दा वाल पहुँचमा नभएको प्राय : शिक्षक पहुँचमा रहेकाले वालमैत्री अवस्थामा भेटिएनन् ।

विद्यालयहरुमा खानेपानीको पर्याप्त सुविधा त पाइयो तर वच्चाहरुलाई फिल्टर गरि शुद्ध पारिएको पानी उपलब्ध गराउने पानी राख्ने फिल्टरको व्यवस्था गरिएको पाइएन । शौचालयको अवस्था अध्ययन गर्दा २ वटा शौचालयको वालमैत्री अवस्था खासै राम्रो पाइएन । किनकि तिनीहरु कक्षाकोठा देखि अलिक टाढा भएको पाइयो । तर पनि तिनीहरु वच्चाले प्रयोग गर्न सक्ने खालको भने थिए ।

### ४.१.२ बालमैत्री शिक्षण सिकाइ प्रकिया

विद्यार्थीलाई सिकाउने वा सिक्ने वातावरणको व्यवस्थापन गर्ने प्रक्रियालाई नै शिक्षण सिकाइ प्रक्रिया भनिन्छ । बालबालिकाको सिक्ने कार्यसँग शिक्षण सम्वन्धित भएको हुँदा सिकाइ विना शिक्षणको अर्थ अपुरो हुन्छ । यसरी औपचारिक शिक्षा पद्धतिमा शिक्षण सिकाइको पक्षलाई प्रभावकारि वनाउन विद्यालय र कक्षाकोठाको सिकाइ वातावरण एवं कक्षाकोठामा संचालन हुने गतिविधिलाई प्रमुख तत्व मानिएको छ । शिक्षकले आफुलाई सूचनाकर्ता, सहजकर्ता,

उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु वनाउने व्यक्तिको रुपमा प्रस्तुत हुन सकेमा मात्र शिक्षण सिकाइ कार्य अर्थपूर्ण हुन्छ । शिक्षकले बालबालिकाहरुलाई गीत, नाच, खोजपूर्ण कार्य, कथा, खेल जस्ता मनोरञ्जनात्मक क्रियाकलापमा पनि संलग्न गराउनु पर्दछ । बालबालिकाको अन्तरनिहित क्षमताको प्रंस्फुटन गर्न गराउन कक्षाकोठामा मात्र शिक्षण सिकाइ प्रक्रिया सिमित राख्नु हुदैन ।

आजको हाम्रो आवश्यकता भनेको बालबालिकालाई विद्यालयमा पुऱ्याउनु मात्र होइन, सवै विद्यालयहरुलाई बालबालिकाको इच्छा अनुसार उपयुक्त शिक्षाको व्यवस्थापन गर्न सक्ने वनाउनु पनि हो । यसै कारण वालअधिकार सम्वन्धि महासन्धिले सवै बालबालिकाहरुको सर्वाङ्गीण विकासको लागि विना कुनै भेदभाव गुणस्तरिय शिक्षा पाउनुपर्ने आवश्यकता पनि स्वीकारेको छ । यसै अधिकारलाई सुनिश्चित गर्न नेपालको संविधान तथा शिक्षा सम्वनिध विविध दस्तावेजहरुले समेत मार्ग निर्देशन गरेका छन् । यसै परिप्रेक्ष्यमा यस शीर्षक अन्तर्गत अनुसन्धान क्षेत्रभित्र रहेका ५ वटा प्राथमिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापका केही पक्षहरुको वालमैत्री अवस्थालाई निम्नानुसार प्रस्तुतिकरण र विश्लेषण गरिएको छ ।

सिक्षण सिकाइ प्रक्रिया भन्नाले विद्यार्थी र शिक्षकविच हुने अन्तरक्रियात्मक क्रियाकलाप एवं प्रस्तुति हो । शिक्षक विद्यार्थीको उपयुक्त अनुपातले पनि अन्तरक्रियात्मक प्रस्तुती बालबालिका केन्द्रित वा वालमैत्री वनाउन सहयोग पुग्छ । यसरी अध्ययन कार्यसँग सम्बन्धित विद्यालयको प्रा.वि शिक्षक र विद्यार्थी अनुपात तल दिइएको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : शिक्षक विद्यार्थी अनुपात

| क्र.स. | विदयालयको नाम | विद्यार्थी स्रख्या | शिक्षक संख्या | अनुपात |
|---|---|---|---|---|
| १ | जनजागृति प्रा.वि वर्दिवास | १५० | ३ | १:५० |
| २ | इच्छेश्वर नि.मा.वि हात्तिलेट | ८५ | ५ | १:१७ |
| ३ | ने.रा.नि.मा.वि. ढुंग्रे | ९० | ३ | १:३० |
| ४ | इच्छेश्वर नि.मा.वि चेरु | १०५ | ५ | १:२१ |
| ५ | जनता मा.वि गौरीडाँडा | १०० | ४ | १:२५ |

माथिको तालिका अध्ययन गर्दा जन जागृति प्रा.वि वर्दिवासको शिक्षक विद्यार्थी अनुपात केही उच्च देखिएता पनि सामान्यतया १:३० सम्मलाई उपयुक्त अनुपात मानिने भएकोले सवै प्राथमिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात उपयुक्त नै देखियो । यस दृष्टिकोणवाट हेर्दा

वालमैत्री शिक्षण सिकाइ वातावरण निर्माण गर्नको लागि शिक्षक र विद्यार्थी अनुपात उपयुक्त वा वालमैत्री छ भन्न सकिन्छ ।

### क) शिक्षण सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापनको बालमैत्रीपना

भनिन्छ कि हजार शब्दले वुभ्काउन खोजेको कुरा एउटै चित्रवाट छर्लङ्ग हुन्छ । वालमनोविज्ञान अनुसार गरिने शिक्षणमा चित्र एवं शिक्षण सामग्रीको भूमिका अत्यन्त प्रभावकारी मानिन्छ । प्राथमिक कक्षामा असल धारणाको विकास र धारणामा आएका ज्ञानलाई लामो समयसम्म धारण गर्न सक्ने वनाउन एवं शिक्षण रुचिपूर्ण वनाउन शिक्षण सामग्रीको महत्व छ ।

अध्ययन क्षेत्रमा परेका विद्यालयहरुमा पनि शिक्षण सामग्रीको निर्माण, प्रयोग र भण्डारण एव व्यवस्थापनमा जोड दिएको पाइयो । सवै विद्यालयमा कुनै न कुनै प्रकारका शैक्षिक सामग्रीहरु प्रयोग गरिएको छ । तर कतिपय सामग्रीको साइज ठूलो पनि पाइयो । सचित्र पुस्तकहरु, शब्द पत्तीहरु, पुतली कागजका विभिन्न मोडेलहरु ईत्यादि सामग्रीहरु वच्चाको रुचि अनुसारका र उमेर सुहाउँदो अवस्थामा भने रहेको पाइएन ।

प्राय : प्राथमिक विद्यालयमा चार्टहरु कम प्रयोग भएको तर त्यसको वदलामा कक्षाकोठामका भित्ताहरुमा क देखि ज्ञ सम्म , A देखि Z सम्म र अंग्रेजी एवं नेपालीका संख्याहरु र A देखि Z सम्मका शब्द र तिनका चित्रहरुले भित्ताहरु रंङगाइएको छ तर ती चित्र, शब्द र अक्षरहरु वाच्चहरुको आँखाको सतह भन्दा धेरै माथि पाइएकोले कक्षाकोठाको सजावटलाई त्यति वालमैत्री मान्न सकिदैन ।

शैक्षिक सामग्रीको भण्डारण र व्यवस्थापनका पक्षमा अध्ययन गर्दा सवै प्रा.वि विद्यालयमा छुट्टा छुट्टै विषयगत कर्नरको व्यवस्था नभएकोले शिक्षण सामग्रीहरु पनि कतै टिनको वाकसभित्र त कतै टेवुलमा नै अव्यवस्थित तरिकाले राखेको पाइयो । यस आधारमा भन्न सकिन्छ कि शैक्षिक सामग्रीको भण्डारण र व्यवस्थापनमा पनि वालमैत्रीपनाको अभाव छ ।

### ख) बालमैत्री शिक्षण एवं मूल्यांकन प्रक्रिया

पाठ्यक्रममा उल्लेखित ज्ञान, सीप र अभिवृत्ति विकास गराउने उद्देश्यले गरिने अन्तरक्रियात्मक क्रियाकलापलाई शिक्षण भनिन्छ भने उक्त ज्ञान, सीप र अभिवृत्तिहरु बालविकासमा कति मात्रामा विकास भए भनि मापनका सम्पूर्ण क्रियाकलापहरु मुल्यांकन भित्र पर्छन ।

शिक्षण प्रक्रियाको अवलोकन र छलफलवाट पत्ता लागे अनुसार दैनिक कार्यतालिका प्रयोग नगरि शिक्षण सिकाइ क्रियाकलाप संचालन भएको पाइयो । तर उनीहरुले वर्ष भरिमा ४ वटा त्रैमासिक किसिमका कार्यतालिका वनाएर सोही अनुसार पाठयोजना नवनाई शिक्षण गरेको पाइयो तर पनि दैनिक कक्षा शिक्षणमा सिकाइका क्षेत्रहरु जस्तै : अंग्रजी भाषा, नेपाली भाषा, सामाजिक वानीवेहोरा, गणितीय ज्ञान, चित्रकला, हस्तकला तथा अन्य सृजनात्मक अभिव्यक्तिशील कला इत्यादिलाई समानुपातिक तरिकाले समय छुट्याइएकोले विद्यालयहरु वालमैत्री शिक्षणतर्फ उन्मुख रहेको प्रयासलाई सह्रानिय मान्न सकिन्छ ।

मूल्यांकन प्रक्रियाको वालमैत्रीपना अध्ययन गर्दा विदयालय पिच्छे, केही फरक प्रक्रिया अपनाएको पाइयो । नियमित/निरन्तर विद्यार्थी मूल्यांकन प्रक्रिया नै वढी मात्रामा गर्ने गरेको पाइयो । बालबालिकाको व्यवहार, वोली, हाजिरी, सीप विकास, सामाजिक एवं भाषिक विकासमा आएको क्रमिक परिवर्तनलाई मूल्यांकनको मुख्य आधार वनाइनुपर्ने मा विद्यार्थीको हाजिरी अभिलेख नियमितता परीक्षामा उनिहरुले पाएको अंकलाई मूल्यांकनको मुख्य आधार मान्ने गरेकोले मूल्यांकन प्रक्रिया भने त्यति वालमैत्री छैन भन्न सकिन्छ ।

प्राथमिक विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापको वालमैत्रीपना अध्ययन गर्दा शिक्षक विद्यार्थी अनुपातन वालमैत्री थियो तर शिक्षण विविध, शैक्षिक सामग्रीहरु वालमैत्री थिएनन । त्यसैगरी नै वाल उद्यान, खेल मैदान, शैक्षिक सामग्रीको व्यवस्थापन एवं शिक्षण सिकाइ कर्नर र विषयगत कर्नरहरु वालमैत्री अवस्थाका थिएनन् । शिक्षण सिकाइ क्रियाकलाप वालमैत्री वनाउन शैक्षिक क्रियाकलापहरु वालकेन्द्रित हुनुपर्ने, वालउद्यान सिकाइ कर्नर एवं विषयगत कर्नरको पनि उचित व्यवस्था गर्नुपर्ने देखिन्छ ।

अन्ततः प्राथमिक तहमा संरचनात्मक कार्यगत सिद्धान्तको अवधारण अनुसार आशिंक मात्रामा विद्यालयको बालमैत्री पनाले विद्यार्थीहरुको जीवनमा गुणात्मक परिवर्तन ल्याउने कार्यमा सोचे अनुरुपको सफलता पाप्त गर्न नसकिएको हुदा अध्ययन कार्यको सिद्धान्तसँग विद्यालयको व्यवस्था आशिंक रुपमा मेल खाएको देखिन्छ । यति हुदाहुदै पनि केही विद्यालयमा भएको वालमैत्रीपनाको संम्भावित प्रयासले विद्यार्थीहरुको व्यावहारमा सकारात्मक परिवर्तन आई मापनिय किसिमको परिवर्तन र अवलोकन योग्य क्षमता देख्न पाईएको हुदा प्रस्तुत अध्ययन सैद्धान्तिक पक्ष सँग भने नजिक रहेको देखिन्छ ।

यसरी वालमैत्री कक्षाकोठा व्यवस्थापन अन्तर्गत कक्षाकोठाको आकार, कुसुन कार्पेट, झयाल ढोका तथा प्रकाशको व्यवस्था, टिफिन कर्नर, सिकाइ कर्नर एवं लेख्ने पाटी, खेल सामग्री, खानेपानी, शौचालय एवं स्वास्थ्य सुविधा इत्यादिको अध्ययन गर्दा केहि सूचकहरु वालमैत्री भेटिए भने केही वालमैत्री नभएको पाइयो ।

त्यसैगरी विद्लयहरुमा गरिदै आएका शिक्षण सिकाईहरुले विद्यार्थीहरुलाई सिकाई प्रति जिज्ञासु वनाउने काम गरेको, शिक्षक विद्यार्थीको उपयुक्त अनुपातले बालबालिका केन्द्रित तथा वालमैत्री शिक्षण गर्नमा सघाउ पुर्‍याएको पाईयो । शिक्षण सामग्रीको निर्माण तथा प्रयोगमा आशिंक वालमैत्रीपना भएको एवं वालमैत्री शिक्षण र मूल्यांकका कार्यहरु पनि आशिंक रुपमा हुने गरेको पाइयो ।

## ४.२ प्राथमिक तहमा वालमैत्री अवस्थाले पारेको प्रभाव

सामान्यतया बालबालिकाहरुले कुनैपनि कुरा जव सिक्दछन तब त्यसको प्रभावबाट उनीहरुको क्रियाकलाप एवं आदातमा केही न केही परिवर्तन अर्थात प्रभाव पर्छ नै । जव विद्यालमा वालमैत्री अवस्थाको निर्माण गरिन्छ त्यसबाट बालबालिकाहरुको शारिरीक, मानसिक, वौद्धिक, संम्वेगात्म, शैक्षिक एवं अन्य विविध पक्षहरुमा यसले प्रभाव पारेको देखिन्छ जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ विद्यार्थीको शारिरीक पक्षमा पारेको प्रभाव

बालबालिकाहरु जब शारिरीक रुपबाट सक्षम र सवल वन्न सक्दैनन् जव सम्म उनीहरुमा क्रियात्मक विकास हुन सक्दैन जसका कारण प्राथमिक तहमा शारिरीक विकासको लागि विभिन्न खेल, अभिनय, नाटक, प्रदर्शन आदिको प्रयोग भएको देखिन्छ । बालबालिकाहरुलाई वेला वेलामा गराउने गरिएका शारिरीक अभ्यास, डोरी, लठ्ठी, बल, चिप्लेटी, आदिको प्रयोगले बालबालिकाहरुमा स्फूर्ति वढ्ने गरेका पाइयो ।

### ४.२.२ वौद्धिक पक्षमा पारेको प्रभाव

प्राथमिक विद्यालको वालमैत्रीपनाले बालबालिकाको वौद्धिक पक्षमा पनि सकारात्मक प्रभाव पारेको देखियो । विद्यालयमा गराईएका अभिनय, नाटक, कथावाचन, गित, गायन, कविता वाचन आदि कृयाकलापबाट बालबालिकाहरुमा कुनैपनि कुरा ध्यान दिएर सुन्न, भन्न, क्रम मिलाउन, अभिनय गर्न जानेका पाइयो ।

### ४.२.३ सामाजिक विकासमा पारेको प्रभाव

प्राथमिक तहको वालमैत्रीपनाले बालबालिकाहरुलाई कुनै पनि कुरालाई सिक्न, आत्मसाथ गर्ने मात्र नभएर फरक फरक परिवार, समुदाय, संस्कृती तथा वातावरणबाट आएका बालबालिकाहरु पनि मिलेर समूहमा वस्न सक्छन् भन्ने सन्देश दिएको छ । यसबाट बालबालिकाहरुलाई समूहमा मिलेर वस्न, सामूहिक कार्य गर्न, आफ्नो अनुभव साटासाट गर्न, नयाँ वातावरणमा समायोजन हुन आदी जस्ता क्रियाकलापमा सकारात्मक प्रभाव परेको देखियो ।

### ४.२.४ शिक्षक, प्र.अ. तथा अभिभावकको सोचाईमा पारेको प्रभाव

जव विद्यालय भौतिक रुपबाट शैक्षिक रुपबाट तथा आर्थिकरुपबाट सवल र सक्षम हुन्छ शिक्षक, प्रअ, तथा अभिभावकहरुलाई बालबालिकाहरु प्रतिको एक किसिमको चिन्ता र बोझ नै कम हुने गरेको भनाई अध्ययन गरिएका विद्यालयका सरोकारवालाहरु वताउछन् । प्राथमिक तहमा भएको बालमैत्रीपनाले बालबालिकाहरुको सिकाई उपलब्धि वढ्ने एवं आफ्नो विद्याललयप्रति अझ बढि जिम्मेवारी थपिएको भनाई उनीहरु वताउछन ।

अन्ततः प्राथमिक विद्यालयको वालमैत्रीपनाले बालबालिकाकहरुको शारिरीक, मानसिक, वौद्धिक, सामाजिक तथा पहुपक्षिय क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखियो । जसबाट शिक्षक, अभिभावक एवं विद्यार्थीहरुमा पनि एक किसिमको सहजता र रौनकता समेत थपिदिएको पनि देखियो ।

यसरी प्राथमिक तहमा वालमैत्री कक्षा कोठाको व्यावस्थापन गर्न एकपक्षिय अवधारणाले सार्थकता पाउन नसक्ने हुदा विद्यालयसँग सरोकार राख्ने सर्वपक्षिय अवधारणालाई समेटि वालमैत्री वातावरण तथा वालमैत्री शिक्षण विधिहरुलाई आत्मसाथ गर्न सके विद्यालयमा अध्यनरत प्राथमिक तहका बालबालिकाहरुको वहुआयामिक क्षेत्रमा गुणात्मक वृद्धि भएर जाने देखिन्छ । जसका लागि विद्यालयका शिक्षक, अभिभावक तथा स्थानिय वौद्धिक वर्गहरुको समेत नेतृत्वदायी भूमिका रहनजाने देखिन्छ ।

### ४.३ प्राथमिक विद्यालयमा बालमैत्री अवस्था निर्माणमा देखिएको समस्याहरु

माथिको छलफल अध्ययन अनुसन्धान एवं स्थलगत अवलोकनको आधारमा हेर्दा प्राथमिक विद्यालयहरु धेरै समस्याले ग्रसित रहेका देखिन्छन् । ती समस्याहरुको मुख्य पाटो विद्यालयको वालमैत्री अवस्था निर्माणको पाटो हो । जुन निर्माण गर्नको लागि पनि विविध समस्याहरु अनुभव गरिएका छन् । र यसलाई मुख्य गरी २ वटा उपशीर्षकमा राखी छोटो व्याख्या गरिएको छ ।

### ४.३.१ भौतिक व्यवस्थापनको वालमैत्रीपना सम्वन्धी समस्याहरु

यस अन्तर्गत विद्यालयको भौतिक पक्षहरु जस्तै कक्षाकोठाको साइज, झयालढोका, उज्यालो, कार्पेट, कुसन, विषयगत कर्नर, शैक्षिक सामग्री भण्डारण व्यवस्था, खेल सामग्रीको उपलब्धता र उपयुक्त कालो पाटी, सेतोपाटी, शौचालय, खानेपानी तथा स्वास्थ्य सुविधाहरु वालमैत्री नभएका समस्याहरु समावेश गरिएका छन् ।

#### क) कक्षाकोठाको साइज, हावा र प्रकाशको व्यवस्था

विद्यालयको कक्षाकोठा व्यवस्थापनमा यसको साइज र हावा एवं प्रकाशको आवागमनले निकै ठूलो प्रभाव पर्छ । तर अध्ययन गरिएका मध्ये ६०% विद्यालयका कक्षाकोठाको साइज उपयुक्त पाइएन र हावा र प्रकाश पनि प्रशस्त मात्रामा उपलब्ध थिएन ।  यसले गर्दा वच्चाहरुलाई कक्षाभित्र उफ्रन, खेल्न र शैक्षिक क्रियाकलापहरु गर्न समेत पर्याप्त ठाउँ नहुँदा वालमैत्री अवस्थाको कक्षाकोठा पुर्णरुपमा उपलब्ध नभएको दखियो ।

#### ख) वुक कर्नर एवं टिफिन कर्नर

कुनै पनि विद्यालयमा वुककर्नर र टिफिन कर्नरको व्यवस्था थिएन । फलस्वरुप विषयगत कुनाहरु नहुँदा सिकाइ पनि त्यति वालमैत्री भएको छैन र साथै वच्चाले ल्याएका खाजा, टिफिन राख्ने उपयुक्त ठाउँ नहुदा राखिएका खाजाको व्यवस्थापनमा कठिनाई देखियो । साथै ती खानेकुरा अस्वास्थकर हुने खतरा पनि त्यति कै देखिन्छ ।

#### ग) शैक्षिक सामग्री,खेल सामग्री एवं बालउद्यान

अध्ययन गरिएका विद्यालयहरुमा पर्याप्त र उपयुत्त किसिमका वालमैत्री शैक्षिक सामग्रीको अभाव देखियो । सामान्य खालका चार्टहरु र केही पजल सेट वाहेक अन्य शैक्षिक सामग्रीका अभाव देखिन्थ्यो । भएका समग्री पनि वालवालिकका उमेर सुहाउँदो र रुचि अनुरुपका धेरै थिएनन् ।

खेलेर सिकाउन उमेरका बालबालिकाहरुको लागि उमेर अनुसारको पर्याप्त सामग्री उपलब्ध नहुनुले सिर्जनात्मक एवं वालमैत्री सिकाइमा अवरोध पुऱ्याइएको देखिन्छ ।

खेल र मनोरञ्जनवाटै वढि सिक्ने यस उमेरका बालबालिकाका लागि उपयुक्त किसिमका खेलमदान आवश्यक पर्छ । यसवाट उनिहरुको शारिरीक, मानसिक, सामाजिक एवं संवेगात्मक

विकासमा सघाउ पुऱ्याउँछ । विद्यालयहरुमा खेलमैदान भएपनि तिनीहरुको अवस्थामा वालमैत्री पाइएन । यसका साथै मन्टेश्वरी सिद्धान्त अनुसारको वालउद्यान(जहाँ वच्चाहरुको सर्वाङगीण विकास हुने वातावरण निर्माण गरिन्छ ) को विकास गएिको अवस्था कुनै पनि विद्यालयमा रहेको पाइएन ।

**घ) कालोपाटी /सेतोपाटी**

वालमैत्री अवधारणा अनुसार कालोपाटी/सेतोपाटी उनिहरुले भेटने ठाउँमा राख्दा उनीहरुलाई स्वतन्त्र रुपले लेख्ने, कोर्न चित्र वनाउने अवसर प्राप्त हुन्छ । र उनिहरुले छिटो सिक्न सक्छन् । यसमा भने समस्या कम मात्रामा देखियो  किनकि प्राय सवैले भित्ताको तल्लो भागलाई कालो पार्टीको रुपमा प्रयोग गर्ने गरेको पाइयो जुन वालमैत्री आधारले उपयुक्त मान्न सकिन्छ ।

**ङ) शौचालय, स्वास्थ्य सेवा तथा खानेपानी**

अनुसन्धान गरिएका ८०% विद्यालयका शौचालयहरु टाढा र केहि फोहर अवस्थाका पाइए । जुन वालमैत्री हिसावले उपयुक्त थिएनन । त्यसमा पनि कुनै पनि विद्यालयमा साना वच्चाहरुका लागि छुट्टै शौचालय भएको पाइएन । यसका लागि कक्षाकोठा नजिकै वालमैत्री शौचालय निर्माण गर्नु आवश्यक छ

विद्यालय स्वास्थ्य सेवा पनि वालमैत्री विद्यालयको एउटा महत्वपूर्ण पाटो हो, यसमा स्वच्छता खानेपानी, स्वास्थ्य व्यवहार, स्वास्थ्य तथा शारिरिक शिक्षा, विद्यालय वातावरणको स्वाच्छता र आकस्मिक चोटपटकको उचित प्राथमिक उपचार आदिको समुचित व्यवस्था प्राय सवै विद्यालयमा कमि देखिएकोले स्वास्थ्य सेवाको वालमैत्री अवस्था कमजोर रहेको अवस्था छ ।

खानेपानी सवै विद्यालयमा उपलब्ध भएपनि केहि विद्यालयमा प्रयोग गर्न समस्या हुने गरेको पाइयो । तर सवै विद्यालयहरुमा खानेपानीको स्वच्छताको लागि भने ध्यान नदिएको पाइयो ।

**४.३.२ शिक्षण सिकाइ क्रियाकलापको बालमैत्रीपना सम्वन्धी समस्याहरु**

शिक्षण सिकाइ क्रियाकलापका धेरै पक्षहरु छन् । ती मध्ये यस अध्ययन क्षेत्रभित्र रहेका केही पक्षहरुका वालमैत्री अवस्था अध्ययनका क्रममा देखिएका केहि समस्याहरु निम्ननुसार छन् ।

**क) शिक्षण सामग्रीको निर्माण र प्रयोग**

प्रायः सवै विद्यालयमा शैक्षिक सामग्री उपयुक्त प्रकारका उचित परिमाण र आवश्यकता अनुरुप पाइएनन् । उपलब्ध सामग्रीको पनि व्यवस्थापन राम्रो देखिएन । बालबालिकाहरुलाई

ज्ञान, सीप र अभिवृद्धिको शुरुवाती विकासमै समस्या भेल्नुपरेको महसुस गर्न सकिन्छ । यसको परिणाम स्वरुप बालबालिकाहरुलाई सिक्न अरुचि हुने, विद्यालय आउन कठिनाई मान्ने र विद्यालय छोडने दर पनि वढने जस्ता अनपेक्षित परिणामहरु आउन सक्छन् ।

**ख) सिकाइ उत्प्रेरणा**

नकारात्मक उत्प्रेरण विधि दीर्घकालिन हुँदैन र सकारात्मक पुर्नवलद्धारा सिकिएको कुराको धारणा दीर्घकालिन हुन्छ । सकारात्मक पुर्नवल जहिले पनि वालमैत्री हुन्छ । तर प्राथमिक विद्यालय उमेरका वच्चाहरुलाई गरिने :यतष्खबतष्यल त्यति सकारात्मक भएको  पाइदैन । यसले वालमैत्री सिकाइमा अवरोध पुऱ्याइएको छ ।

**ग) शिक्षण एवं मूल्यांकन सम्वन्धी समस्याहरु**

शिक्षण विधिहरु एवं मूल्यांकन प्रक्रिया पनि अपेक्षित रुपमा वालमैत्री नहुनाले थप समस्याहरु सृजना भएका छन.। वालकेन्द्रित शिक्षणविधिहरु जस्तै छलफल, लेख, संगीत, अभिनय इत्यादि विधिद्धारा शिक्षण हुने गरेको कम मात्रामा पाइन्छ । त्यस्तै मूल्यांकन प्रक्रियामा पनि निरन्तर मूल्यांकन प्रणालीको वास्तविक मर्म विपरित ठूला कक्षालाई भैं पेपर पेन्सिल टेस्टलाई वढावा दिने गरेको, विद्यार्थीको प्रगतिको उपयुक्त अभिलेख नराख्ने गरेको जस्ता विधिले बालबालिकाको वास्तविक मूल्यांकन हुन सकेको छैन र शिक्षण सिकाइ प्रक्रियाको निरन्तर निरिक्षण, अनुगमन एवं पृष्ठपोषण हुन नसकेको अवस्था छ ।

## ४.४ प्राथमिक विद्यालयमा वालमैत्री अवस्था निर्माणमा देखिएका समस्या समाधानका उपायहरु

यस अनुसन्धान क्रममा छनौटमा परेका प्राथमिक विद्यालयको शिक्षक, प्र.अ, अभिभावक एवं श्रोतव्यक्तिसँग अर्न्तवार्ता, प्रश्नावली, समूह छलफल तथा स्थलगत अध्ययन एवं अवलोकनको आधारमा प्राप्त सुझाव र समस्या समाधानका उपायहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.४.१ उपयुक्त मापदण्ड मुताविक प्राथमिक विद्यालय स्थापना

शिक्षा नियमावली २०५९ को दफा ६७ (१) अनुसार ४-५ वर्षका कलिला बालबालिकालाई वालविकास केन्द्र मार्फत शिक्षा दिने र बालबालिकाहरुको सर्वाङ्गीण विकास गर्ने उद्देश्य र सोहि वमोजिम प्रारम्भिक वालविकास कार्यक्रम सम्वन्धि निर्देशिका २०६१ वमोविम वास्तविक

पूर्वाधार तयार भएपछि मात्र वालमैत्री वालविकास केन्द्र संचालनको लागि पहल भएरहेको वर्तमान अवस्थामा प्राथमिक तहको विद्यालयको लागि भने यसै अनुरुपको मापदण्ड पुर्वाधारको निर्धारण भएको पाइदैन ।

### ४.४.२ शिक्षकलाई तालिम र वृत्तिविकास

विद्यालयको कन्द्रिय व्यक्ति भनेको शिक्षक हो उनिहरुलाई वालमैत्री शिक्षण र व्यवस्थापन सम्वन्धी तालिम प्रदान गरी हाल दिँदै आएको सेवा, सुविधा र प्रोत्साहन न्यायोचित र समयसापेक्ष वृद्धि गरि उनिहरुको मनोवल सधैं उच्च राख्न सके विद्यालयमा वालमैत्री अवस्था सृजना गर्न सकिन्छ ।

### ४.४.३ उपयुक्त कक्षा वातावरण एवं वालमैत्री खेल सामग्री र बगैचाको व्यवस्था

आमाको काख छोडी भर्खर विद्यालय जान थालेका कलिला बालबालिकाहरुलाई कक्षाकोठाको वातावरणले आकर्षित गर्न सकेन भने उनिहरु विद्यालय जान छोडछन् । त्यसले कक्षाकोठा हरेक दृष्टिकोणले वालमैत्री वनाइनु पर्छ ।

खेलेर सिक्ने गरेर सिक्ने एवं  यस उमेरका बालबालिकाहरुको लागि सिक्नको लागि उपयुक्त किसिमका उमेर, रुचि र वालमनोविज्ञान अनुसारको -वालमैत्री सामग्रीको ) पर्याप्त व्यवस्था गरिनुपर्छ ।

मन्टेश्वरीको सिद्धान्त अनुरुप बालबालिकाहरुले सिक्ने वातावरण पैदा गर्न वच्चाहरुको सानो संसार, जहाँ उनिहरुले विभिन्न सिप, ज्ञान र अभिवृद्धिको विकास गर्ने अवसर पाउँछछन् । यसको लागि विद्यालयहरुमा वालवगैचाको व्यवस्था गर्नुपर्छ ।

### ४.४.४ खानेपानी, खेलमैदान र शौचालय एवं स्वस्थ्य सेवाको उचित व्यावस्था

कक्षाकोठा भित्र फिल्टर गरिएको शुद्ध खानेपानी, सफा र सुरक्षित खेलमैदानको व्यवस्था गर्न सके वालमैत्री वातावरण निर्माणमा सहयोग पुग्छ ।

विद्यालय एवं कक्षा वातावरणमा स्वच्छता ल्याउन, स्वास्थ्य र शारिरिक शिक्षा प्रदान गर्न, स्वास्थ्य आनिवानि विकास गराउन र आकस्मिक दुर्घटनाका लागि प्राथमिक उपचारको व्यवस्था गर्न सके विद्यालय थप वालमैत्री हुन सक्ने विश्वास गर्न सकिन्छ ।

### ४.४.५ पृष्ठपोषण र पुर्नवलको प्रयोग एवं निरन्तर अनुगमन, निरीक्षण गर्नु पर्ने

शिक्षण सिकाइमा बालबालिकालाई सिकाइ प्रति उत्प्रेरित गराउन र रुचि वढाउन धनात्मक अनुशासन र पृष्ठपोषणको प्रयोग वढी मात्रामा गर्नुपर्छ ।

हरेक विद्यालय प्र.अ, श्रोत व्यक्ति एवं वि.नि हरुले नियमित रुपमा विद्यालयको क्रियाकलापको निरीक्षण गरि पृष्ठपोषण प्रदान गरि उनीहरुको क्रियाकलापमा वालमैत्री वढाउन सहयोग पुऱ्याउन सक्दछन् ।

### ४.४.६ निश्चित शुल्कको व्यवस्था

सरकारी अनुदान, विद्यालय श्रोतका अलावा पनि थप सुविधा प्रदान गर्नको लागि सम्वद्ध अभिभावकवाट केही शुल्क लिने व्यवस्था भए विद्यालय प्रति अभिभावकको चासो पढ्न गई वालमैत्री अवस्था निर्माण गर्न पनि मद्दत पुग्छ ।

### ४.४.७श्रव्य दृश्य सामग्री

यस उमेरका वच्चाहरुलाई खेलााएर, संगीत सुनाएर तथा गीत गाएर वा सुनाएर सिकाइ प्रति आकर्षित गराउन सकिन्छ । तसर्थ प्रत्येक विद्यालयमा श्रव्य दृश्य सामग्रीको व्यवस्था हुन आवश्यक छ ।

### ४.४.८ शैक्षिक सामग्री तथा कालोपाटीमा विद्यार्थीको पहुँच हुनुपर्ने

जव सम्म वच्चाले सामग्री छुन, चलाउन एवं खेलाउन पाउँदैन तवसम्म उनिहरुको सिकाइ क्रियाकलाप कम हुन्छ । त्यसैले उनीहरुले सामग्री विगार्छन भन्ने डरले उनीहरुको पहुँच भन्दा टाढा राख्दा त्यहा वालमैत्री सिकाइको सम्भावना कम रहन्छ । त्यस्तै स्वतन्त्र लेखाइ, चित्र खिचाइको अभ्यासलाई सहज वनाउन कालोपाटी, सेतोपाटी वच्चाहरुले भेटने ठाउँमा राख्नुपर्छ ।

### ४.४.९ दिवा खाजाको व्यवस्था विद्यालयले नै गर्नुपर्ने

बालवालिकाको खाजा, टिफिनमा एकरुपता ल्याउन, स्वस्थ्यकर तथा पौष्टिक आहारको व्यवस्था गर्न पुग्ने हुँदा खाजाको व्यवस्था सकेसम्म प्राथमिक तहमा विद्यालयले नै गर्दा वढी प्रभावकारी हुन्छ ।

### ४.४.१० निरन्तर मूल्यांकन प्रणालीलाई आत्मसात गर्नुपर्ने  तथा समुदायसँग सुमधुर सम्वन्ध विस्तार गरि सहयोग लिनुपर्ने

औपचारिक मूल्यांकन पद्धतिले वच्चाहरुमा सिकाइ पछि आएको वास्तविक परिवर्तन थाहा पाउन कठिन हुन्छ । त्यसैले निरन्तर मूल्यांकन प्रणाली अन्तर्गत उनिहरुको प्रगतिको अभिलेख राखि दैनिक व्यवहारमा आएको परिवर्तन, संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मकतामा आएको सुक्ष्म परिवर्तनलाई आधार मानी मुल्यांकन गर्न सके मूल्यांकन वालमैत्ती हुन गई अपेक्षित परिणाम प्राप्त गर्न सकिन्छ ।

प्राथमिक विद्यालय प्रति अभिभावक समुदायको चासो वढाउन, उनीहरुको सहभागिता वृद्धि गरि आर्थिक, राजनैतिक र समाजिक सहयोग जुटाइ विद्यालयका गतिविधिलाई वालमैत्री दिशातर्फ दिन सकिन्छ ।

### ४.४.११ बालविकास केन्द्र तथा प्रा.वि तहलाई पहिलो मान्यता दिनुपर्ने

हाल वालविकास केन्द्र विद्यालयको संरचना भित्र समावेश गरे सगै यसले बालबालिकाको विकासमा सकारात्मक प्रभाव पार्ने कुरा त छदैछ । यसका अलवा  प्राथमिक कक्षाहरुमा कक्षा दोहोऱ्याउने र छोडने दर घटाउन प्रा.वि तहलाई विद्यालय शिक्षाको संवेदनशील आधार स्तम्भको रुपमा लिएर पहिलो मान्यता दिनुपर्दछ ।

उचित तथा व्यवस्थित ढंगवाट गरिएको विद्यालयको समुचित व्यवस्थापनले विद्यालयका कार्यकुशलता, दक्षता र गुणस्तरमा सकारात्मक प्रभाव पार्दछ । विद्यालय विकासको दीर्घकालिन सोच, वस्तुगत योजना, सहभागितात्मक कार्यान्यन, प्रभावकारी अनुगमन प्रणाली, विद्यालय सुशासन आदिका माध्यमवाट विद्यालयलाई अब्वल वालमैत्री तथा गुणस्तरीय वनाउन सकिन्छ । त्यसैले विद्यालयको सम्पूर्ण व्यवस्थापन पक्षलाई होसियारीपूर्वक बालबालिकाको आवश्यकता र हितलाई सर्वोपरि वनाई उच्चतम उपलब्धि हासिल गर्नेतर्फ उन्मुख गराउन जरुरत देखिन्छ ।

विद्यालयका भौतिक अवस्थाहरु बालमैत्री वनाउन गर्नुपर्ने मुख्य सुधारहरुमा कक्षाकोठाको आकार, उपयुक्त हुनुपर्ने विषयगत कर्नरको व्यवस्था, खानेपानी तथा शौचालयको सर्वसुलभता, स्वास्थ्य सेवा सुविधा आदि मुख्य छन् भने शिक्षण सिकाइ क्रियाकलापलाई वालमैत्री वनाउन वालकेन्द्रित शिक्षण सिकाइमा जोड दिनुपर्ने, शिक्षण सामग्रीको पर्याप्तता एवं उपयुक्ततामा

ध्यान दिनुपर्ने, मूल्यांकनका विधिहरु वालकेन्द्रित हुनुपर्ने कक्षा वातावरण वालमैत्री र उत्प्रेरणादायी हुनुपर्ने तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरि शिक्षण गर्नुपर्ने इत्यादि कुरामा ध्यान दिनुपर्ने हुन्छ ।

# परिच्छेद  पाँच

# निष्कर्ष र सुझाव

यस अध्ययनको क्रममा प्राथमिक विद्यालयमा बालमैत्री अवस्थासँग सम्वन्धित विभिन्न पक्षहरुको व्याख्या र विश्लेषण परिच्छेद ४ मा गरियो । यस अध्ययनमा सोहि अनुसारको समस्या समाधानका उपायहरुका आधारमा प्राप्त निष्कर्ष र सुझावहरुलाई यस परिच्छेदमा उल्लेख गरिएको छ ।

## ५.१ निष्कर्ष

साना उमेरका बालवालिकाको शारिरिक, मानसिक र व्यवहारगत परिवर्तनको लागि शिक्षण सिकाइ तथा भौतिक वातावरण वालमैत्री हुनुपर्नेमा सरोकारवाला सवैको समान धारण पाइयो । यसै गरि कक्षा वातावरण एवम व्यवस्थापन वालमैत्री वालकेन्द्रित हुनुपर्ने तथा बालबालिकाहरु खेल तथा संगीतको माध्यमवाट अझ छिटो सिक्न सक्छन भन्ने निष्कर्षमा पुगियो ।

शिक्षकहरुको योग्यता, तालिम तथा सेवा सर्तहरुमा समय सापेक्ष वृद्धि गर्न सके विद्यालयलाई सफलतातर्फ उन्मुख गराउन सकिन्छ । त्यसै गरि विद्यालयका भौतिक पूर्वाधारहरु परिक्षण गरि विद्यालयलाई निश्चित मापदण्डका आधारमा वर्गिकरण गरिनुपर्छ । प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीका लागि शैक्षिक एवम खेलकुद र मनोरञ्जनका साधनहरु अति आवश्यक भएपनि ती सामग्रीहरु पर्याप्त  मात्रामा छैनन् र भएका सामग्रीहरु पनि बालमैत्री खालका कम मात्रामा छन् । त्यसै गरि केहि विद्यालयहरुमा शिक्षक न्यून रहेकाले निज विदामा वस्दा विद्यालय गतिविधि सहज रुपमा सुचारु हुन नसकेकोले त्यसको लागि विद्यालयमा शिक्षक दरवन्दीको थप व्यवस्था गर्नुपर्छ । टिफिन कर्नर र विषयगत कर्नरहरुको उचित व्यवस्थापन गर्न सके कक्षामा वालमैत्री वातावरण निर्माण गर्न सकिन्छ ।

खानेपानी एवम शौचालयको उपलब्धता हुनुमात्र ठूलो  होइन, परन्तु तिनिहरु सफा, स्वच्छ र बालबालिकाको पहुँचमा हुनुपर्छ । वाल उद्यान, उपयुत्त खालका खेलमैदानको व्यवस्था बालवालिकाको पहुँचमा हुनुपर्छ । वाल उद्यान र उपयुक्त खालका खेलमैदानको अभावमा बालवालिकाको शारिरिक एवम मनोक्रियात्मक विकास नहुनुको साथै बालमैत्री सिकाइ हुन नसक्ने अवस्थाको सृजना रहने गर्दछ ।

पाठयक्रम, कथा पुस्तक, चित्र किताव, शिक्षक निर्देशिका आदिको अपर्याप्तताको कारणले शिक्षण सिकाइ क्रियाकलापमा एकरुपता आउन सकेको छैन र विद्यालयमा सञ्चालन हुने क्रियाकलापहरु पनि खासै वालमैत्री वन्न सकिरहेको अवस्था छैन । यस उमेरका बालवालिकाहरुलाई श्रव्य दृष्य सामग्रीको प्रयोगद्धारा शिक्षण गर्दा प्रभावकारी शिक्षण हुन्छ । तर प्राय विद्यालयमा यसको व्यवस्था नहुँदा बालमैत्री अवस्था निर्माण अवरोध पुगेको पाइन्छ ।

हरेका प्राथमिक विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम अर्न्तगत विद्यालय सरसफाई, स्वास्थ्य र शारिरीक शिक्षा, टोल सफाइ अभियान, प्राथमिक उपचार आदि सञ्चालन गर्न सके विद्यालयको अवस्था अझ वालमैत्री वन्न सक्छ । त्यसरी नै बालबालिकालाई सहज र प्राकृतिक रुपमा सिक्ने वातावरण निर्माण गर्न भेदभाव रहित वातावरणमा, दण्डरहित शिक्षण सिकाइमा जोडदिदैं समाहित शिक्षामा जोड दिनसके विद्यालयहरु बालमैत्री वन्न सक्दछन् र यसको परिणाम स्वरुप कक्षा दोहोऱ्याउने, छोडने दर कम भई यसको सकारात्म प्रभावहरु प्राथमिक कक्षामा पर्न थाल्दछ । निरिक्षण व्यवस्थालाई प्रभावकारी वनाएर वालमैत्री अवस्थाको स्तरलाई उकास्न निरन्तर खवरदारी गर्ने सयन्त्र निर्माण गर्नुपर्छ ।

यसरी नै वर्तमान भौतिक र शौक्षिक व्यवस्थापन खास वालमैत्री छैन । शिक्षाविद फोवेल र मन्टेश्वरीको अवधारणा अनुसार प्राथमिक शिक्षालाई वालमनोविज्ञानको हिसावले रमाइलो, मनोरञ्जनात्मक एवम वालकेन्द्रित वनाउन सकेको खण्डमा मात्र प्राथमिक तहको उद्देश्य पुरा हुने सक्ने हुँदा यसको व्यवस्थापनमा बालमैत्री अवधारणलाई आत्मसात गनुपर्ने कुरामा प्रायः सवै सहमत छन् ।

## ५.२ सुझावहरु

यस अध्ययनको निष्कर्षको आधारमा तहको भौतिक व्यवस्थापन एवम शिक्षण सिकाइमा वालमैत्रीपनाको अवस्थालाई प्रभावकारी वनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

सम्पूर्ण पूर्वाधारहरु पुगेपछि मात्र बालमैत्री विद्यालयको रुपमा विद्यालयलाई चिनाइनु पर्दछ । स्वीकृति प्रदान गर्ने निकायले पनि सम्पूर्ण भौतिक पूर्वाधारहरु वालमैत्री छ, छैन भनी स्थलगत अध्ययन गरि एउटा निश्चित मापदण्ड अनुरुप मात्र स्वीकृति दिनुपर्छ । शुद्ध खानेपानी, सफा शौचालयको व्यवस्था कक्षाकोठावाट २०-२५ मी, नजिक हुनुपर्छ । स्वास्थ्य सेवा कार्यक्रम

अगाडि वढाएर पनि विद्यालयलाई थप वालमैत्री वनाउन सकिन्छ । तहगत रुपमा छुट्टै भवन एवम कक्षाकोठाको व्यवस्था हुनुपर्छ । कक्षाकोठाको आकार परम्परागत रुपको चारपाटे भएकोले विभिन्न सिकाइ क्षेत्रको व्यवस्थापन गर्न कठिन भएको कारण यसलाई परिवर्तन गरि पाँचकुने वा ६ कुने वनाउनु पर्छ । कक्षाकोठाहरु सफा तथा चिसो र धुलो रहित हुनुपर्छ । बालबालिकाहरुलाई उमेर अनुसारको डेक्स वेन्चको साथै कक्षा ३ सम्मको लागि फलेक माथि वाक्लो कार्पेट र कुसनको व्यवस्था गर्नुपर्छ । खेलमैदानको स्तरोन्नती एवम वालउद्यानको निर्माणका लागि स्थानिय समुदाय र प्र.अ. ले वालमनोविज्ञान र वालमैत्री भौतिक व्यवस्थापन विषयमा पर्याप्त तालिम लिनुपर्छ । प्राथमिक तहका शिक्षकहरुलाई विशेषगरि बालबालिका सम्वन्धी क्रियाकलापमा संवेदनशिल वनाउनुको साथै अन्य शिक्षकलाई भन्दा वढि दायित्व वोध गराउनु पर्दछ । प्राथमिक तहका शिक्षकहरुको पारिश्रमिकमा सुधार गरिनुपर्छ ।

### ५.२.२ कार्यान्यन तह

बालवालिकाको उमेर, रुचि र मनोविज्ञान अनुरुपका शैक्षिक सामग्रीको निर्माण संकलन एवम खरिद गरि तिनिहरुको भण्डारणको व्यवस्थापन बालबालिकाको पहुँचमा हुनुपर्छ । विद्यालयको शिक्षण सिकाइ वातावरण वालमैत्री वनाउनको लागि सम्वन्धित विद्यालयका प्र.अ , स्रोत व्यक्ति शिक्षक एवम निरिक्षण सम्वन्धी कार्य गरि वालमैत्री शिक्षण सिकाइ वातावरण निर्माणमा सहयोग पुऱ्याउनु पर्छ । सकारात्मक उत्प्रेरणा विधि तथा पुर्नवल प्रदान गरि बालबालिकालाई सिकाइ प्रति उत्प्रेरित गर्नुपर्छ । खेल र संगीतको माध्यमवाट प्राथमिक उमेरका बालबालिकाको सिकाइ वालमैत्री वनाउन सकिने भएकोले उपयुक्त किसिमका खेल तथा मनोञ्जनको सामग्री पर्याप्त मात्रामा उपलब्ध गराई त्यसको प्रयोग गर्नको लागि शिक्षकहरुलाई सहयोग गर्नुपर्छ । वाल पुस्तकालयको व्यवस्था गरि त्यसमा वालोपयोगी चित्रकथा, वालकथा, कविता इत्यादि सामग्री राख्नुपर्छ र शिक्षकले त्यसको उचित प्रयोग गर्नुपर्छ । निरन्तर मूल्यांकन गर्दा बालबालिकाको सामाजिक, व्यवहारिक, भाषिक एवम क्रियाकलापलाई पनि आधार वनाइनुपर्छ ।

प्राथमिक तहका पाठयक्रम, शिक्षक निर्देशिका, शिक्षण सिकाइ सम्वन्धि विभिन्न सन्दर्भ सामग्री तथा शैक्षिक पत्रिकाहरुले पनि बालमैत्री अवधारणा अनुरुप शिक्षण सिकाइ क्रियाकलाप गर्न सघाउ पुऱ्याउँछ । भयरहित वातावरणमा समावेशिकरण तथा गैर विभेदीकरणको सिद्धान्त अनुरुप शिक्षण गर्न सके बालमैत्री वातावरण निर्माण हुनसक्छ । अभिभावकहरुलाई बालमैत्री सिकाइको वारेमा चेतना दिनुपर्छ ।

### ५.२.३ अनुसन्धान तह

बालबालिकाहरु अत्यन्तै सम्बेदनसिल तथा जिवनको एक आधार स्तम्भ नै यही अबस्था हुने भएकाले उनीहरुको संवेदना तथा शिक्षण प्रक्रियालाई मनोविज्ञानका विविध पक्षहरुले सुक्ष्म विश्लेषण गर्नु आजको आवश्यकता हो । यस्तै प्रकारका अध्ययन अनुसन्धान अन्य शीर्षकमा रहेर गर्न सकिने भएकोले आउँदा अनुसन्धानकर्तालाई विविध सुझाव प्रस्तुत गरिएको छ । जस्तै : बालमैत्री शिक्षण सिकाइको प्रभावकारिता अध्ययन गरिनुपर्दछ । वालमैत्री शिक्षण सिकाइमा प्राथमिक शिक्षकको साथै सहयोगी कार्यकर्ताको भूमिकाको अध्ययन गरिनुपर्छ । वालमैत्री विद्यालयहरुको प्रभावकारिता मूल्यांकन गरिनुपर्दछ । वालमैत्री भौतिक वातावरण निर्माणमा प्र.अ.को भूमिका आदि विषयवस्तुलाई अनुसन्धानको लागि सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

# सन्दर्भसूचि


अधिकारी विष्णुप्रसाद (२०७०), *माध्यमिक शिक्षक दिग्दर्शन,* बागवजार काठमाण्डौ : आषिस वुक्स हाउस प्रा.लि ।

अधिकारी, विष्णुप्रसाद र पौडेल, आनन्द (२०६७), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* बागवजार काठमाण्डौ : आशिष वुक्स हाउस प्रा.लि ।

केसि टंक (२०७०), *खरिदार परिक्षा सारथी,* बागवजार काठमाण्डौ, गुडविल प्रकाशन ।

कोइराला, विद्यानाथ (२०६७), *वालविकास र सिकाइ,* पिनाकल पब्लिकेसन, बागवजार काडमाण्डौ ।

खनाल, पेशल (२०६०) शैक्षिक अनुसन्धान पद्धति किर्तिपुर काठमाण्डौ : सनलाईट पब्लिकेशन ।

फुयाल, डिल्लीप्रसाद (२०७२) *बाल विकास केन्द्रको कक्षा कोठा व्यावस्थापन,* (एम. एड्. सोधपत्र), किर्तिपुर : शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग

थपलिया हरिप्रसाद (२०७०), *वालविकास केन्द्रमा वालमैत्री कक्षाकोठा व्यवस्थापन,*अप्रकाशित स्नातकोत्तर सोधपत्र चितवन त्रिविवि शिक्षाशास्त्र संकाय ।

*नेपालको संविधान (२०७२)* पुतलिसडक काठमाण्डौ, वौद्धिक दर्पण प्रकाशन ।

बाल न्याय समन्वय समिति सचिवालय (२०६४), *अध्ययन प्रतिवेदन,* हरिहरभवन काठमाण्डौ ।

*बाल न्याय प्रणालीमा कार्य गर्ने बालमनोवैज्ञानिक निमित्त पाठ्यपुस्तिका* (२०६४), अन्तरङ्ग साइकोसोसल रिसर्च एण्ड ट्रेनिङ इन्ष्टिच्युट, धापासी, काठमाण्डौ ।

*बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप* (२०६७), नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, सानोठिमी भक्तपुर ।

सेभदी चिल्ड्रेन(२००७), *अध्ययन प्रतिवेदन,* काठमाण्डौ ।

शर्मा चिरञ्जीवि र निर्मला (२०६५), *शिक्षाको परिचय,* भोटाहिटि काठमाण्डौ, एम के पब्लिकेसन ।

*शिक्षा ऐन (२०५८) र नियमावली (२०६९),* पुतलिसडक काठमाण्डौ, वौद्धिक दर्पण प्रकाशन सिँह, नागेश्वर (२०६४), शिक्षाको परिचय पुतलि सडक काठमाण्डौ, पैरवी प्रकाशन